जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक १६, २०८० साल साउन १२ गते शुक्रबार, नेपाल संवत् ११४३ (July 28, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


## चामल निर्यातमा प्रतिबन्ध हटाउन आग्रह

काठमाडौं। अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले भारतलाई चामल निर्यातमा लगाएको प्रतिबन्ध हटाउन आग्रह गरेको छ। आईएमएफले चामल निर्यातमा लगाइएको प्रतिबन्धले विश्वव्यापी मुद्रास्फीतिमा असर पार्ने बताएको हो। भारत सरकारले गत जुलाई २० मा गैरबासमती सेतो चामलको निर्यातमा प्रतिबन्ध लगाएको थियो।

कोषका प्रमुख अर्थशास्त्री तथा अनुसन्धान विभागका निर्देशक पियर ओलिभर गौरिनचासले गत मंगलबार 'वर्ल्ड इकोनोमिक आउटलुक' सार्वजनिक बाँकी ८ पेजमा

## बढ्यो छुर्पी निर्यात

काठमाडौं। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा छुर्पी निर्यात १४.९६ प्रतिशतले बढेको छ। मुलुकबाट कुकुर वा बिरालोको खानाअन्तर्गत छुर्पी निर्यात हुने गरेको भन्सार विभागले जनाएको छ। चालु आर्थिक वर्षको साउनदेखि असारसम्म २ अर्ब ९६ करोड ६६ लाख ५० हजार रुपैयाँको छुर्पी निर्यात भएको छ।

कुकुरको खानाका लागि नेपालबाट ९९ प्रतिशत छुर्पी निर्यात हुन्छ। फिनल्यान्ड, फ्रान्स, अमेरिका, क्यानडा लगायतका छुर्पी पठाउने गरिएको छ। भारतबाट मासुका परिकार निर्यात भएजस्तै नेपालबाट छुर्पी विदेश निर्यात हुन्छ। पहिला पहिला मान्छेले खानाका लागि छुर्पी बन्थ्यो तर बाँकी ८ पेजमा

# कालापानी बहस किन बरालियो ?

काठमाडौं। भारतीय भौगोलिक विस्तारवादले नेपालको सीमा मिच्ने दुष्कार्य अझै रोकेको छैन। सन् १७५७ मा पलासीको युद्ध जितेर अंग्रेजहरूले बंगाल कब्जा गरेपछि क्रमशः भारतीय उपमहाद्विपका अन्य स्वतन्त्र र सार्वभौम राज्यहरूमाथि हमला गर्दै आफ्नो अधिनस्थ गर्न थाले। ५६५ वटा स्वतन्त्र राज्यहरूलाई आफ्नो कब्जामा लिएर तत्कालीन इस्ट इन्डिया कम्पनीले आजको भारतको भूगोल तयार गरेको हो। अंग्रेजहरूले हिमाली राज्य नेपाललाई पनि कब्जा गर्ने प्रयास गरे पनि सफल हुन सकेनन्। तत्कालीन काठमाडौंका मल्ल राजा जयप्रकाशले अंग्रेजहरूसँग सहयोग मागी पृथ्वीनारायण शाहको गोर्खाली फौजलाई परास्त गर्ने जमर्को गरेका थिए। तर सिन्धुलीगढीको युद्धमा अंग्रेज फौजलाई गोर्खाली फौजले परास्त गर्‍यो। यदि अंग्रेजहरू सिन्धुलीगढीमा पराजित नभएका भए आज नेपाल सायद भारतीय मानचित्रभित्र समावेश भएको पाइन्थ्यो।

दोस्रो विश्वयुद्धको अन्त्यसँगै अटलान्टिक चार्टर जारी भयो। जसमा उपनिवेश कायम गर्न नपाइने प्रावधान समावेश गरियो। नैतिकताका आधारमा पनि ब्रिटेनले भारतमाथिको उपनिवेश त्याग्नुपर्ने भयो। गान्धीको अहिंसात्मक आन्दोलन, सुवासचन्द्र बोसको आजाद हिन्द फौज र नेहरूको चतुर्‍याइँले भारत स्वतन्त्र भएको होइन। हो अंग्रेजविरुद्ध भारतीयहरूले आन्दोलन गरे, तर त्यस आन्दोलनलाई दमन गरेर अंग्रेजहरू अझै भारतमा राज गर्न सक्थे। अंग्रेज विरोधी आन्दोलनमा नेपालीहरू समेत सहभागी थिए। तर स्वतन्त्रता संग्राममा नेपालीहरूको बलिदानलाई स्वतन्त्र भारतका नेताहरू नेहरू, पटेल आदि कसैले पनि कृतज्ञता जाहेर गरेनन्। बरु हिमालयसम्म भारत आफ्नो सीमा ठान्छ भनेर नेहरूले नेपालको अस्मिताको धज्जी उडाए। अहिले भारतको मोदी सरकार नयाँ संसद भवनमा अखण्ड भारतको भित्ते चित्र सजाएर नेपालको लुम्बिनी, कपिलवस्तु र विराटनगरसमेत निल्ने जमर्को गरिरहेको छ।

सन् १८१६ अघि नेपालको सिमाना



पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म फैलिएको थियो। आजको भारतको उत्तराखण्ड राज्य नेपालकै भूभाग हो। पूर्वको टिस्टासम्मको मैदानी भूभाग पनि नेपालकै सरहदभित्र रहेको थियो। दार्जिलिङ, करसाङ मात्र होइन, भुटानका ६ गाउँसम्म २७ वर्षसम्म नेपालको प्रशासन चलेको थियो। हाम्रा वीर पुर्खाहरूले लगभग ३३ वर्ष अनवरत संघर्ष गरेर नेपालको भूक्षेत्र फैलाएका थिए। यसैलाई ग्रेटर नेपाल भनेर इतिहासमा चिनिन्छ।

तर सन् १८१६ मार्च ४ को इस्ट इन्डिया कम्पनीसँग भएको सुगौली सन्धिले नेपालले आफ्नो एकतिहाई भूभाग गुमायो। सुगौली सन्धिको धारा ५ ले नेपाललाई काली (महाकाली) नदीपूर्वमा समेट्यो। नेपालको सिमाना कालीनदीलाई निश्चित गर्‍यो। सो धारामा काली नदीदेखि पश्चिमतर्फ नेपालका राजा महाराजा तिनका वंशज र उत्तराधिकारीले आफ्नो हकदाबी गर्ने छैनन् भन्ने लेखिएको छ। सन् १८६० मा अर्को प्रत्यावर्तन सन्धि भयो। यो सन्धिमार्फत ब्रह्मदेव मण्डीदेखि तलतिर राप्तीदेखि पश्चिम तथा कालीपूर्वका चार जिल्ला बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलाई विभिन्न सीमास्तम्भका माध्यमले नेपालमा जोडियो। सुगौली सन्धिले कालीनदीलाई सिमाना मानेर दुई देशलाई छुट्याएको छ। विवादको मूल चुरो कालीनदीको मुहान कहाँ पर्छ भन्नेमा हो।

सुगौली सन्धिको दस्तावेज उक्त क्षेत्रको नक्सा र भूगोलको अध्ययन गरेका जानकारहरू दार्चुलाको ब्यास गाउँपालिका १ स्थित लिम्पियाधुरा हुँदै आउने स्थानीय सौका जातिको भाषाको कुटी याङ्ती नदी महाकालीको मुहान भएको दाबी गर्छन्। तर भारतले भने लिम्पियाधुराको ३५ किलोमिटर पूर्व कालापानीमा कृत्रिम खोला बनाएर त्यसैलाई महाकाली नदीको मुहान भएको तर्क गर्दै आएको छ। २०५५ सालमा कालापानीको अतिक्रमित भूभाग विस्तार गरेर भारतले काँडेतार नै लगाएको छ। कालापानीको विषय चीनसँग पनि जोडिएको छ। ११ अप्रिल २००५ मा तत्कालीन चिनियाँ प्रधानमन्त्री बेतजियावाओका भारत भ्रमणमा जाँदा लिपु भन्ज्याङलाई चीन र भारतबीचको मिलनबिन्दु मान्ने सहमति भएको थियो। जबकि नेपाल र चीनबीच २०१८ सालमा भएको सिमाना सन्धिपत्रको दफा १ मा चीनसँगको नेपालको पश्चिमी सीमारेखा कालीनदी र तिंकर नदीको पानीढलो भएको ठाउँबाट सुरु हुने भनिएको छ। त्यसमा कालापानी लिपु र लिम्पियाधुराको सार्वभौमिकता नेपालमा रहेको चीनले स्वीकार गरेको छ। तर चीनले सन् २०१५ मा भारतसँग लिपुलेकमा व्यापारिक मार्ग खोल्ने सम्झौता गरेर नेपालीहरूलाई चोट बाँकी ८ पेजमा

## अब फेला पर्ला त वास्तविक सुन तस्कर

काठमाडौं। नेपालमा लामो समय जेल जीवन बिताएका कुख्यात अपराधी 'विकिनी किलर' चार्ल्स शोभराजले एउटा प्रसंगमा भनेका थिए– 'म त्रिभुवन विमानस्थलदेखि हात्ती पनि सहजै छिराइदिन्छु' भनेर। हालै भएको चर्चित सय किलो बढीको सुनकाण्डले शोभराजको हात्ती छिराउने प्रसंगलाई सम्झाइदिएको छ। विमानस्थल भन्सार कार्यालयले लामो समय विदेश बसेर नेपालको अर्थतन्त्रमा रेमिट्यान्सको माध्यमबाट योगदान पुर्‍याउने नेपालीलाई धरधरी रुवाएको घटना प्रशस्तै देख्न पाइन्छ। एक थान सिक्री, एउटा मोबाइल, एउटा ल्यापटप, अलिकति चकलेट बोकेर आएको नेपालीलाई तस्करको झैं व्यवहार गर्ने गरिन्छ। तर कयौं क्विन्टल सुन छिराउने वास्तविक तस्करसँग भन्सार प्रशासन, सुरक्षा प्रहरी सबैले सेटिङमा हातेमालो गरिरहेका हुन्छन्। अहिले हङकङबाट भइरहेको सुन तस्करीले



नेपालको डरलाग्दो र घिनलाग्दो चित्र सार्वजनिक गरेको छ। एउटा सामान्य मजदुरको नाममा नक्कली कम्पनी खडा गरेर दर्जनौं पल्ट सुन तस्करी गराएपछि मात्र कमिसनमा कुरा नमिलेपछि राजस्व अनुसन्धानले विमानस्थल क्लिएर भएर रोडमा निस्किसकेको सुन पक्रन्छ।

नेपालको विमानस्थलमा सुन तस्करी भएको धेरै वर्ष भइसक्यो। पञ्चायत कालमा एकजना चन्द्रबहादुर बुढा भन्ने राष्ट्रिय पञ्चायत सदस्य २४ किलो सुनको पेटी बाँधेर एयरपोर्टमा पार गर्दै गर्दा पक्राउ परेका थिए। त्यसैबेला देखिको सिलसिला अहिलेसम्म निरन्तर चलिरहेको छ। तस्करीको तौरतरिका र स्वरुपमा भने समयानुकूल परिवर्तन हुँदै आएको छ। सुन तस्करी हङकङ, बैंकक, दुबई लगायतबाट हवाईमार्गको बाटोदेखि भइरहेको छ भने चीनबाट रसुवागढी नाका हुँदै तस्करी भएका थुप्रै घटना बाहिर आइसकेका छन्। नेपालमा भित्रिए जति सुनको नेपालमा खपत हुँदैन। नेपालमा आएको सुन फेरि भारततर्फ पुग्ने अनुसन्धानले देखाएको छ।

एयरपोर्टबाटै तस्करले बेपत्ता पारेको ३८ किलो सुनको प्रकरण अहिलेसम्म ताजै छ। सुन भरियाका नाइके गोरे जेल जीवन बिताइरहेका छन् भने उनका साथी सनम आफ्नै समूहका सदस्यबाट मारिएका थिए। उक्त सुन काण्डमा एयरपोर्टका प्रहरी प्रमुख श्याम खत्री लगायत प्रत्यक्ष संलग्न रहेका थिए। खत्रीकै गाडी प्रयोग गरेर गोरे समूहले तस्करी गरेको थियो। प्रहरी प्रशासनले भरियाका नाइकेहरू पक्राउ गरे पनि मूल तस्करसम्म बाँकी ८ पेजमा

## गौरिकाको अर्को कीर्तिमान

काठमाडौं। कीर्तिमानी पौडीवाज गौरिका सिंहले जापानको फुकुओकामा भइरहेको २० औं वर्ल्ड एक्वाटिक पौडी च्याम्पियनसिपमा बुधबार अर्को कीर्तिमान स्थापित गरेकी छन्।

आफ्नो पुरानो टाइमिङ सुधार गर्नेक्रममा गौरिकाले बुधबार महिला ५० मिटर ब्याकस्ट्रोकमा ३१.४४ सेकेन्डको नयाँ राष्ट्रिय बाँकी ८ पेजमा

## किर्ते सूचना प्रकाशित

काठमाडौं। रोजगार अनुमति प्रणाली (इपिएस) कोरिया शाखाको लेटरप्याड चोरी गरी किर्ते गरेको तथ्य खुलेको छ। दक्षिण कोरिया जान रोकेको भन्दै कामदार जान चाहनेहरूले आफूहरूलाई बेवास्ता गरेको भन्दै सडक आन्दोलन गरिरहेका छन्।

सोही समयमा इपिएस शाखाको लेटर प्याड चोरेर तत्काल नेपालबाट कुनै पनि कामदार दक्षिण कोरिया नभित्र्याउने सम्बन्धी अत्यन्त बाँकी ८ पेजमा

## मोदीविरुद्ध फेरि अविश्वास प्रस्ताव



काठमाडौं। भारतमा प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारविरुद्ध दोस्रो पटक अविश्वास प्रस्ताव परेको छ। बुधबार कंग्रेस र बीआरएस पार्टीले लोकसभामा अविश्वास प्रस्ताव पेस गरेका हुन्। कंग्रेसका तर्फबाट लोकसभामा उक्त दलका उपनेता गौरव गोगोई र बीआरएसका तर्फबाट नमा नागेश्वर रावले प्रस्ताव पेस गरेका छन्।

सभामुख ओम बिरलाले प्रस्तावलाई स्वीकार गरे पनि छलफलका लागि मिति तोकेका छैनन्। यसअघि सन् २०१८ मा पनि मोदी सरकारविरुद्ध अविश्वास प्रस्ताव परेको थियो। भारतमा सत्तारुढ गठबन्धनको स्पष्ट बहुमत भएकाले यो प्रस्ताव पारित हुने सम्भावना छैन। तर, विपक्षी पार्टीले मणिपुर घटनामा सरकारलाई बोल्न बाध्य पार्ने उद्देश्यले यो प्रस्ताव ल्याएको बताएका छन्। बाँकी ८ पेजमा

## विशाल नेपाल महाअभियानको छैठौं बैठक





काठमाडौं। गत साउन ६ गते शनिबार बिहान ११ बजे विशाल नेपाल महाअभियानको छैठौं बैठक संयोजक सुरेन्द्र ढकालको अध्यक्षतामा कोटेश्वरस्थित रेसुंगा रेष्टुराँमा बस्यो। अभियानका सदस्यहरूको आम उपस्थितिमा सम्पन्न भएको बैठकले निम्नानुसारका ७ जना व्यक्तिहरूलाई सदस्यको रुपमा अभियानमा प्रवेश गरायो। बाँकी ८ पेजमा

## व्यापार घाटा साढे १४ खर्बभन्दा बढी

काठमाडौं। आर्थिक वर्ष २०७९/८० मा आयात निर्यातमा कमी आइ वैदेशिक व्यापार घटे पनि मुलुकको व्यापार घाटा घट्न सकेको छैन।

भन्सार विभागले सोमबार सार्वजनिक गरेको तथ्यांक अनुसार गत आर्थिक वर्षमा कुल व्यापार घाटा १४ खर्ब ५४ अर्ब ५९ करोड १० लाख ७४ हजार रुपैयाँ रहेको छ। यो व्यापार घाटा अघिल्लो आर्थिक वर्ष २०७८/७९ को तुलनामा १५.४५ प्रतिशतले थोरै रहेको भन्सार विभागले जनाएको छ। अघिल्लो आर्थिक वर्षमा कुल व्यापार घाटा १७ खर्ब २० अर्ब ४१ करोड रहेको थियो। भन्सार विभागका अनुसार गत आर्थिक वर्षमा कुल १६ खर्ब ११ अर्ब ७३ करोड रुपैयाँ बाँकी ८ पेजमा

## किन फिर्ता हुँदैछ गिरीको ५ करोड ?

काठमाडौं। अमेरिका र क्यानडाबाट आएको लगभग नेपाली रुपैयाँ ५ करोड उमाकान्त गिरीको नाममा नेपाल राष्ट्र बैंकमा जम्मा भएको २ वर्ष पुगिसकेको छ। एक वर्षसम्म जम्मा हुने भए पनि गिरीले बाह्य शक्तिको आडमा २ वर्षसम्म अड्काएर राखेका छन्। राष्ट्र बैंक स्रोतका अनुसार गिरीले अन्तर्राष्ट्रिय मुद्रा कोषलाई तिर्नुपर्ने राजस्व भने बुझाइसकेका छन्। राष्ट्र बैंकले यस प्रकारको रकमको बारेमा जानकारी दिन नमिल्ने हुँदा धेरै खुल्न चाहेन। तर ५ करोड दुई बाँकी ८ पेजमा

## डेंगुको महामारी मुलुकभर

काठमाडौं। मुलुकभर डेंगु संक्रमणदर बढ्दै जानथालेको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)ले ६९ जिल्लामा डेंगु फैलिसकेको जनाएको छ। इडिसिडीका अनुसार जनवरीदेखि जुलाइसम्म सात महिनामा डेंगुबाट सात जनाको मृत्यु भइसकेको छ भने ४ हजार २ सय ८९ जना संक्रमित भइसकेका छन्।

संक्रमित संख्या अझै बढ्नसक्ने संकेत देखिएको छ। बाँकी ८ पेजमा

## नयाँ जनवादको नारा दिने पहिलो कम्युनिस्ट नेता

सन्दर्भ पुष्प स्मृति दिवस

■ तेजेन्द्र प्रसाई

काठमाडौं। पुष्पलाल श्रेष्ठको जन्म १९८१ साल असार १५ गते रामेछापको भङ्गेरी गाउँमा भएको थियो। बाबु भक्तलाल श्रेष्ठ र आमा तुलसीमाया श्रेष्ठका सुपुत्र थिए उनी। भक्तलाल जागिरे भएका कारण रामेछाप, ओखलढुंगा, सिन्धुपाल्चोकमा उनको बाल्यकाल बित्दै काठमाडौंका बासिन्दा भएका थिए। पुष्पलालले काठमाडौंको महावीर स्कुलमा प्रारम्भिक शिक्षा लिएका थिए। यो विद्यालय पुष्पलालकै जेठा दाइ गंगालाल र माहिलादाइ चिनियाँलालले जनतामा चेतना जगाउने उद्देश्यले खोलेका थिए। पुष्पालालले प्रवेशिका भने पाटन हाइस्कुलबाट उत्तीर्ण गरे।

वि.सं. १९८० मा राणा शाही विरोधी संगठन प्रचण्ड गोरखाको स्थापना भयो। राणाशाही विरोधी सरगर्मी यहींबाट सुरु भएको हो। १९९३ मा नेपाल पूजा परिषद्को स्थापना भएपछि भूमिगत रुपमा राणा विरोधी राजनीतिक गतिविधि अघि बढ्न थाल्यो। यस्तो गतिविधिबाट पुष्पलाल प्रभावित भए र नागरिक अधिकार आन्दोलनमा सरिक हुन थाले। १९९७ सालमा राणा शासकहरूले उनका दाजु गंगालाललाई शोभा भगवतीमा लगेर गोली ठोकेर हत्या गरे। हत्यारा थिए नरशमशेर। जसलाई राजा त्रिभुवनले पछि नेपाल प्रहरीको प्रथम महानिरीक्षक बनाएका थिए। गंगालालसँगै दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमाको हत्या गरियो। माघ १६ गते यिनै चार सहिदको हरेक वर्ष सम्झना गर्ने गरिन्छ।

नागरिक अधिकारको प्राप्ति, मजदुर आन्दोलनको समर्थन, निरंकुशताको विरोधमा २००४ सालमा त्रिचन्द्र कलेजमा भएको विद्यार्थी आन्दोलनमा पुष्पलाल सरिक भए। उनी पक्राउ परे र रिहा भएपछि भारतको वनारस स्वनिर्वासनमा गए। सोही साल उनी



कांग्रेसको कार्यालय सचिव भए। तर राष्ट्रिय कांग्रेसभित्र बढेको आपसी कलह सम्झौतावादी नीतिबाट पुष्पलाल असन्तुष्ट बने। उनी कलकत्तातिर लागे र मार्क्सवाद अध्ययन गर्न थाले। उनले २००५ सालमा कार्लमाक्स र फ्रेडरिक एंगेल्सद्वारा लिखित कम्युनिस्ट घोषणापत्रको नेपाली अनुवाद गरे। चैत २३ २००५ मा प्रकाशित त्यस अनुवादको भूमिकामा उनले नेपाली समाज र क्रान्तिबारे चर्चा गरे। पुष्पलालको निधन भारतको गोविन्दबल्लभ पन्त अस्पतालमा २०३५ सालमा भयो। उनी पछिल्लो समय मुटुका रोगी बनेका थिए।

पुष्पलाल नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता हुन्। धेरैले उनलाई यसरी नै चिन्छन्। २२ अप्रिल १९४९ का दिन नेपाल कम्युनिस्ट पार्टीको स्थापना गराउने प्रमुख नेता पुष्पलाल नै हुन्। तर उनको यो राजनीतिक व्यक्तित्व यतिमै सीमित छैन। हो उनी नेकपाका संस्थापक महासचिव हुन्। साथै नेपालमा गणतन्त्रको बिगुल बजाउने उनी पहिलो व्यक्तित्व पनि हुन्। परम्परागत शाहवंशीय राजतन्त्रविरुद्ध गणतन्त्रको उद्घोष गर्ने प्रथम राजनीतिज्ञ पुष्पलाल नै हुन्। पुष्पलाल प्रजातन्त्रका लागि संयुक्त जनआन्दोलनका वैचारिक प्रणेता पनि हुन्। संयुक्त जनआन्दोलनको पुष्पलालको बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री उद्धव पौडेल, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, श्री ऋषिकेश पन्त, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ, डा.गंगादत्त नेपाल

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

# पाशविक अत्याचारको पराकाष्ठा

भारतको मणिपुर घटना सभ्य समाजका लागि लज्जामर्दो विषय हो । यसको जति निन्दा गरे पनि कम हुन्छ । यसबारेमा भारतीयले मात्रै होइन, विश्वका सबै पीडित महिलाले न्याय पाउनुपर्छ भनेर ऐकवद्धता गर्नुपर्छ ।

भारतको पूर्वोत्तर राज्य मणिपुरमा केही दिनअघि भीडले दुई महिलालाई निर्वस्त्र बनाएर सार्वजनिक रूपमा हिँडाएको भिडिओ भाइरल भयो । उक्त भिडियो बाहिरिएसँगै त्यहाँका अन्य महिलाले पनि आफूहरूमाथि पनि हिंसा भएको भन्दै त्यसबारे बोल्न सुरु गरे । उक्त घटना निकै पीडदायिक छ । यस घटनाले भारत मात्रै होइन, धेरैको आङ सिरिङ बनाएको छ । यो विश्वका सबै महिलामाथि गरिएको पाशविक अत्याचारको पराकाष्ठा हो । यसलाई मणिपुर र भारतीय महिलाको मात्रै अपमानका रूपमा बुझ्नु हुँदैन । हामी सबैप्रति गरिएको जंगली अत्याचार हो ।

दुई महिलालाई केही पुरूष समूहले निर्वस्त्र बनाएर सडकमा हिँडाएको भिडिओ सार्वजनिक भएपछि भारतभरि चर्को आक्रोश बढ्यो । चौतर्फी विरोध भएपछि प्रहरीले पीडित महिलाहरूमाथि सामूहिक बलात्कार भएको मुद्दा अघि बढायो र एक आरोपितलाई पक्राउ गर्‍यो । उक्त घटनाका बारेमा छलफलको माग गर्दै गएको बिहीबार भारतको संघीय संसद्को बर्खे अधिवेशन अवरूद्ध भयो । प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त घटनाले भारतलाई लज्जित बनाएको र दोषीलाई उम्किन नदिने बताए । मणिपुर घटनाबारे मोदीले पहिलोपटक सदनमा बोलेका हुन् ।

विपक्षीहरूले लामो समयदेखि प्रधानमन्त्री मोदीले मणिपुरमा जारी हिंसाबारे नबोलेको भन्दै उनीमाथि प्रश्न उठाउँदै आएका थिए । त्यसपछि उनी चाहेर वा नचाहेर बोले । उनले बोलेर मात्रै पुग्दैन जिम्मेवारीपूर्ण ढंगले पीडितलाई न्याय दिलाउनुपर्छ । यो घटना राजनीतिको खोल ओडाएर मात्रै हुने प्रकृतिको छैन । हुन त मणिपुरका मुख्यमन्त्री बीरेन सिंहले उक्त घटनाका दोषीहरूलाई मृत्युदण्ड दिन लगाउने प्रयास गर्ने बताए । उनको यो भनाइ व्यवहारमा पनि लागू हुन्छ कि हुन्न त्यो हेर्न बाँकी नै छ ।

भारतको मणिपुर घटनाले भारतीय शासक, त्यहाँका राजनीतिक पार्टीका नेता र अधिकारकर्मीको कति मन दुख्यो थाहा छैन । एक छिमेकी नागरिक र महिला भएका नाताले मेरो भने मन दुःखेको छ । शिर निहुरिएको छ । आजको युगमा पनि महिलाले यो तहको हर्कत बेहोर्नु परेकोमा । कुनै पनि सभ्य समाजका लागि यो भन्दा लज्जाको विषय केही हुनै सक्दैन । यसको जति निन्दा गरे पनि कम हुन्छ । यसबारेमा भारतीयले मात्रै होइन, विश्वका सबै पीडित महिलाले न्याय पाउनुपर्छ भनेर ऐकवद्धता गर्नुपर्छ । आफूलाई प्रजातन्त्र र मानवअधिकारको दुहाइ दिएर नथाक्ने भारतमा भएको महिला हिंसाको यो घटना जति निन्दा गरे पनि कम हुने घटना हो ।

त्यहाँको प्रहरीका अनुसार पीडित महिलाहरूमाथि गत मे ४ मा आक्रमण भएको थियो । तर उक्त घटनाको भिडिओ सामाजिक सञ्जालमा भाइरल भएपछि बिहीबार मात्रै उक्त घटनाका समाचार बाहिरियो । यति बेला भने भारतको संघीय सरकारले सबै सामाजिक सञ्जाल प्रदायकहरूलाई आफ्नो सञ्जालबाट उक्त भिडिओ हटाउन निर्देशन दिएको छ । सरकारको निर्देशनपछि भिडियो सामाजिक सञ्जालबाट हटेको छ । तर, ती महिलाले भोगेको पीडा उनीहरूको मष्तिस्कबाट हटाउन जरूरी छ । उनीहरूले भोगेको पीडाबाट न्याय दिलाउनु जरूरी छ । यो सरकारको दायित्व हो ।

दर्दनाक उक्त भिडिओमा ती दुई महिलालाई भिडले समातेर घिसार्दै खेतमा धकेलेको देखिन्छ । भिडिओमा देखिएकी एक महिलाको उमेर झन्डै २० वर्ष र अर्की महिलाको उमेर ४० वर्ष जति रहेको बताइएको छ । आदिवासी जनजातिहरूको संस्था आइटिएलएफले जारी गरेको विज्ञप्तिमा जनाइएअनुसार कांगापोकपी जिल्लामा कुकी–जो आदिवासी समुदायका महिलाहरूलाई त्यसरी यातना दिइएको थियो । भिडियोमा घिसारेको देखाइए पनि उक्त संस्थाको रिपोर्टअनुसार ती महिलाहरूमाथि सामूहिक बलात्कारसमेत भएको दाबी छ । यसले पनि उक्त समुदायमा महिलाले कति हिंसा खेप्दा रहेछन् भन्ने देखाउँछन् । भारतमा बेलाबेलामा हुने गरेको जातीय वा कुनै नामको दंगामा र द्वन्द्वमा महिलामाथि हिंसा हुने गरेको सुनिन्छ । कुकी समुदायका ती आमा र छोरीलाई मणिपुरमा भिडले निर्वस्त्र बनाएर सडकमा हिँडाएको तथा कुटपिट र दुर्व्यवहार गरेको घटना यसमध्येकै पछिल्लो उदाहरण हो । विश्वव्यापीरूपमा अनेक नाममा महिलामाथि हुने गरेको हिंसा अन्त्य हुनपर्छ । मणिपुरका महिलाले राज्य छ, कानुन र प्रशासन छ भन्ने अनुभूति गर्न पाउनुपर्छ । समाजभित्र सबै नागरिक सुरक्षित छौं भन्ने अनुभूति गर्न पाउनुपर्छ ।

# स्वर्णिमः लाटो देशको गाँडो तन्नेरी



**सुरेन्द्र ढकाल**



कांग्रेसी भएर विगतमा राष्ट्रिय योजना आयोगको सदस्य र उपाध्यक्ष समेत बनी टोपल्न सफल भएका स्वर्णिमको महत्वाकांक्षालाई लाटो कांग्रेसले विशेष रुपबाट संवोधन गर्न नचाहेको वा नसकेको कारणले गर्दा यो स्वर्णिम नामधारी गाँडो रविसामू लम्पसार परी तनहुँबाट चुनाव जिती आफूलाई लाटोको देशमा गाँडो तन्नेरी बनी देखाउन सफल भएका छन् । कुन्नी के बाठो भयो भने गु.... खान्छ भनेजस्तै कुटनीतिको ज्ञान शून्य भएको यो गाँडोले नेपाली सेनाको संख्या घटाउनु पर्छ भनेर पैरवी गर्न सुरु गरेको छ । हो, सोझो अर्थमा नेपाल भन्ने देशले न भारत न चीन कुनैसँग पनि लड्न सक्तैन, लड्नु पनि छैन । त्यस आधारमा नेपालमा सेना हुनु र नहुनुमा खास फरक पनि देखिदैन । यही कुरा बुझेर, अनि सोभियत संघसँग २० वर्षे सैनिक सम्झौता गरेको आडमा ७० को दशकमा भारतले पाकिस्तान टुक्राई स्वतन्त्र बंगलादेश बनाउन र दिनदहाडै सिक्किम खान सफल भएपछि राजा वीरेन्द्रले आफ्नो राज्याभिषेकको अवसरमा जम्मा भएका विदेशी राष्ट्राध्यक्ष तथा उच्च स्तरका विदेशी पाहुनाहरूबीच नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखेका थिए । यो प्रस्तावलाई कालान्तरमा अमेरिका, चीन, बेलायत, जापान जर्मनी लगायत विश्वका ११६ राष्ट्रहरूले समर्थन जनायो । तर भारतको इरादा जसरी भए पनि नेपाललाई सिक्किम बनाउने भएको हुँदा ऊ आफूले प्रस्तावको समर्थन गरेन नै वल्की सबैभन्दा पहिले प्रस्तावको समर्थन गर्ने सोभियत संघ समेतलाई दबाब दिई समर्थन फिर्ता लिन लगायो । भारत र सोभियत संघले यो प्रस्ताव स्वीकार गर्थे भने संयुक्त राष्ट्र संघमा यो प्रस्ताव प्रस्तुत गरी अनुमोदन हुन्थ्यो अनि नेपाली सेना विघटन गर्दा पनि फरक पर्दैनथ्यो । जसरी स्वीटजरलैण्डको तटस्थतालाई महाशक्ति राष्ट्रहरूले मानिदिँदा न त्यो देशमा सेना छ न स्वीटजरलैण्ड भन्ने देश संयुक्त राष्ट्र संघको सदस्य नै छ । ठीक त्यसको विपरीत स्विटजरलैण्डको जेनेभामा संयुक्त राष्ट्र संघको स्थायी कार्यालय छ किनभने त्यो देश तटस्थ हो । भोलि अमेरिकाले यदि संयुक्त राष्ट्र संघको कारबाहीमा हस्तक्षेप गर्न थाल्यो भने न्यूयोर्कमा रहेको त्यसको मुख्यालय पनि जेनेभामा सर्न सक्छ । हो नेपालमा सेना छ, नेपाल असंलग्न भएकै कारण नेपाली सेनाले शान्तिसेना भएर विश्व शान्तिमा योगदान पुर्‍याइरहेको अवस्थामा नेपाली सेनाको संख्या घटाउनु पर्छ भनेर यो गाँडो स्वर्णीमले भन्न खोजेको कुरा के हो ? नेपाललाई सिक्किमी मोडेलमा भारतमा मिलाउन खोजेको हो ? अमेरिकी सेना नेपालमा हुली नेपाललाई अमेरिकी सेनाको आधार शिविर बनाई चीन हान्न खोजेको हो ? यो गाँडोले यस्तो अवस्थामा सेनाको संख्या घटाउन पर्छ भन्दै पैरवी सुरु गरेको छ जुन अवस्थामा हामी विशाल नेपाल चाहनेहरू विशाल नेपाल मुक्ति सेना बनाएर मेची महाकालीको सानो नेपालको सीमाबाट मात्रै होइन विशाल नेपालको सीमाभित्र तैनाथ भारतीय सैनिकहरूलाई लघार्नुपर्छ भन्ने महाअभियानको नेतृत्व गरिरहेका छौं । हामी त १८ वर्ष पुगेका सबै नेपाली युवायुवतीहरूलाई अनिवार्य सैनिक प्रशिक्षण दिनुपर्छ भन्ने पक्षमा छौं । तर यो स्वर्णिम भन्ने गाँडोलाई हिन्द अमेरिकी शक्तिले गायत्री मन्त्र सुनाएको कारणले नै होला यो नेपाली सैनिक संख्या घटाउनु पर्छ भन्दैछ । बुझ्नु न सुझ्नु के..... जाती गर्नु भने जस्तो यो गाँडोको गाँडको राम्रै उपचार अब राष्ट्रवादी नेपालीले गर्ने बेला आएको छ । थुतुनो छ भन्दैमा जे पायो त्यही नबोल्नु नत्र भेटला फेरि राष्ट्रवादी भाँटे कारबाही । सबै नेपाली न कांग्रेस जस्तो लाटा छन् न स्वर्णिम जस्तो गाँडो ।

# नेपालको व्यापार घाटाको चिन्ता, चुनौती

**डा. सुमनकुमार रेग्मी**

हरेक वर्ष व्यापारघाटा बढ्दो छ । विगत वर्षजस्तै ०७९-८० मा पनि व्यापार घाटा उच्च दरले बढेको छ । अघिल्लो वर्षभन्दा व्यापार घाटा एकतिहाइभन्दा बढी प्रतिशतले बढेको छ । आर्थिक वर्ष ०६९-७० मा व्यापार घाटा ५ खर्ब २४ अर्ब थियो । एक दशककैं बीचमा नेपालको व्यापार घाटा १३ गुणाले बढेको छ । नेपालभित्र नै उत्पादन गर्न सकिने वस्तु तथा सेवामा पनि परनिर्भरता बढदै गएको छ ।

व्यापार घटाउन कम गर्न कि त आयात प्रतिस्थापन गर्न पर्ने हुन्छ कि त देशको निर्यात बढाउनुपर्ने हुन्छ । तर पाँच वर्ष यता उद्योगको वृद्धिदर तीन प्रतिशतभन्दा कम छ । न्यून उत्पादन, दैनिक उपभोगदेखि विलासितासम्मका वस्तुहरू र रेमिट्यान्सले बढाएको उपभोगका कारण व्यापार घाटा चुलिँदै गएको छ । उदारीकरण भन्दैमा गुणस्तरीयहीन विदेशी वस्तुमा रमाई देशमा अन्धाधुन्ध आयात दिन दुई गुणा रात चौगुणाजस्तो विदेशी वस्तुहरू आयात भइरहेका कारण नेपालको व्यापार घाटा बढ्दै गएको हो ।

यस्तै उत्पदनका लागि चाहिने कच्चा पदार्थको देशमा अभाव हुनु, बढी मूल्य अभिवृद्धि हुने वस्तु विदेशमा खोज नहुनु, वस्तु गुणस्तर तथा प्रमाणीकरणको अभाव र अरू यस्तै थुप्रै कारणले नेपालको व्यापार घाटा बढेर गएको छ । नेपाल त भारत र चीनमा उत्पादित वस्तुहरूको क्रिडास्थल बन्दै आएको छ ।

आर्थिक वर्ष ०७८-७९ को ११ महिना अर्थात जेठ ०७९ सम्म बजेटभन्दा ३१ अर्ब रुपैयाँ बढी व्यापार घाटा भएको छ । ०७८-७९ को ०७९ जेठ मसान्तसम्म देशको व्यापार घाटा २५ प्रतिशतले बढेर १५ खर्ब ७७ अर्ब रुपैयाँको भएको छ । सरकारले ०७८-७९ को मध्यावधि समीक्षा गर्दा बजेटको आकार १५ खर्ब ४६ अर्ब करोड रुपैयाँमा सीमित भएको छ ।

०७९ जेठ मसान्तसम्म देशको वस्तु तथा सेवाको निकासी ५३ दशमलव ३ प्रतिशतले बढेर १ खर्ब ५५ अर्ब पुगेको छ भने आयात २७ दशमलव ५ प्रतिशतले बढेर १७ खर्ब ६३ अर्ब १२ करोड रुपैयाँ पुगेको देखिन्छ । यस्तै कुल वैदेशिक व्यापारमा निकासीका हिस्सा भने ९ दशमलव ५३ प्रतिशतले बढेर ९० दशमलव ४७ प्रतिशत भएको छ । भारतसँगको व्यापार घाटा सबैभन्दा बढी ९ खर्ब ५५ अर्ब रुपैयाँ भएको देखिन्छ ।

भारतमा ०७८-७९ मा ११ महिनामा १ खर्ब ४५ अर्ब ९० करोडको मूल्यका वस्तु निकासी भएकोमा भारतबाट ११ खर्ब ९० करोड ३७ लाखको आयात भएको छ । निर्याततर्फ ४६ अर्ब ५८ करोड ७० लाखको भटमासको तेल निकासी भएकोमा ४ अर्ब ४५ करोडको सन फ्लावर तेल तथा ३९ अर्ब ११ करोड ७० लाखको पाम आयल निकासी भएको छ ।

गत आर्थिक वर्षको ११ महिनामा भारतबाट ११ खर्ब ९० करोड ३७ लाखको आयात भएको छ । उतरी देश चीनसँग २ खर्ब ४३ अर्ब ४७ करोडको व्यापार घाटा भएको छ । चीनतर्फ नेपालको निकासी ७३ करोड ९० लाखमा सीमित भई आयात आयात २ खर्ब ४४ अर्ब २१ करोड रुपैयाँ भएको छ । आयात मात्रै होइन कि हाम्रो निर्यात व्यापार कतिसम्म असन्तुलन छ भने भारतमा ११ महिनामा १ खर्ब ४६ रुपैयाँ बराबरको बस्तु निर्यात भएको छ भने चीनमा ७४ करोड रुपैयाँको बस्तु निर्यात भएको छ ।

भारतबाट सबैभन्दा बढी इन्धन आयात भएको छ । जेठ ०७९ सम्म ६ लाख ७८ हजार ६ सय ७१ किलो लिटर पेट्रोल आयातको लागि ६२ अर्ब ९१ करोड ९८ लाख खर्चिएको देखिन्छ भने १६ लाख २ हजार ४ सय ८ किलोलिटर डिजेल खरिदमा १ खर्ब ४५ अर्ब २१ करोड ९३ लाख खर्च भएको छ । त्यस्तै एलपी ग्याँस ५९ अर्ब १६ करोड तथा हवाई इन्धनका लागि १२ अर्ब ८८ करोड खर्च भएको छ ।

नेपालमा सबैजसो इन्धन भारतबाट आयात हुने गर्दछ । यद्यपि चीनबाट नेपालको कुल इन्धनको ३० प्रतिशत आयत गर्नुपर्ने कुरा ०७३ मा चीनसँग भएको व्यापार तथा यातायात पारबहन सम्झौता भएको छ । उत्तरी देश चीनसँग २ खर्ब ४३ अर्ब ४७ करोडको व्यापार घाटा भएको छ ।

चीनतर्फ नेपालको निकासी ७३ करोड ९० लाखमा सीमित भई आयात २ खर्ब ४४ अर्ब २१ करोड रुपैयाँ भएको छ । हाम्रो निर्यात व्यापार कतिसम्म असन्तुलन छ भने भारतमा ११ महिनामा १ खर्ब ४६ रुपैयाँ बराबरको बस्तु निर्यात भएको छ भने चीनमा ७४ करोड रुपैयाँको बस्तु निर्यात भएको छ ।

आयात नियन्त्रणका उपाय

गत जेठमा राष्ट्र बैंकले कडा गरिएका वस्तुका आयात २७ प्रतिशतले वृद्धि भएको देखाएको छ । कडा कदमको बाबजुद ०७९ चैतसम्म यस्ता वस्तुका आयात २७ प्रतिशतले वृद्धि भएको देखिएको हो । आयात बढेर विदेशी मुद्रा सञ्चितीमा बाध्यता परेपछि राष्ट्र बैंकले ०७८ माघ २७ गते विभिन्न ४७ भन्सार कोड अनुसारका २७ सयभन्दा बढी वस्तुका शतप्रतिशतसम्म मार्जिन राख्नुपर्ने व्यवस्था गरेको थियो ।

राष्ट्र बैंकले कडा गरेको यस्ता सामानहरू ०७८-७९ को नौ महिनामा ३ खर्ब ३२ अर्ब रुपैयाँ बराबरका आयात भएको सरकारी निकायले बताएको छ । जब कि ०७७-७८ को नौ महिनामा २ खर्ब ५३ अर्ब रुपैयाँ यस्ता वस्तु आयात भएका थिए । कडा गर्नु अगाडि प्रतितपत्र खोलिएका वस्तुहरू त्यसपछि पनि आयात हुने भएकाले यस्को प्रभाव देखिन समय लाग्ने राष्ट्र बैंकले जनाएको छ ।

०७०-७१ मा नेपालबाट निर्यात ९० अर्बको मात्र थियो । नेपालबाट मूख्यतया भटमास तेल, उनी धागो, पाम तेल, फलाम, गलैंचा, कफी तथा चिया, तयारी पोसाक, पोलिस्टर धागो, अलैंचीलगायत निर्यात हुँदै आएको छ । नेपालले गुणस्तरीय वस्तुहरू उत्पादन गर्नसके विदेशमा माग भएको बुझिएको छ । देशमा गुणस्तरीय परीक्षण प्रयोगशालाको विकास गरी गुणस्तरहीन विदेशी सामानलाई प्रतिबन्ध गर्नु आज नितान्त आवश्यक छ । डब्ल्युटिओको प्रावधान भनेको जति पनि आयात गर्नै पर्ने अवस्था पक्कै होइन ।

पेट्रोलियम पदार्थ, इलेक्ट्रोनिक्स, अटो मोबाइल, गरगहना, कस्मेटिक लगायतको आयात ह्वात्तै बढेको पाइन्छ । लोडसेडिङका कारण औद्योगिक क्षेत्र तथा घरेलु काममा पेट्रोलियम पदार्थको उपभोगमा बढ्दै गएको प्रवृत्ति र ब्याट्रीदेखि इन्भर्टरसम्मका वस्तुका माग बढ्दै गएकाले र फलाम-स्टिलका वस्तुका आयात, बहुमूल्य पत्थरका आयात, घिउ-तेल-खाद्यान्न, औषधि लगायतका आयात ह्वात्त बढ्दै गएको छ ।

नेपालको भारतबाट मात्र आयात नेपालको कुल आयातको ६५ प्रतिशतभन्दा बढी छ । निर्यात त करिब ९० प्रतिशत भारतमा मात्रै छ । आफ्ना कृषिजन्य उत्पादनमा भारतीय सरकारले अनुदान दिएकाले नेपालको कृषि उपजको मूल्य महँगो हुन गएको छ । नेपाली कृषि उपजले भारतीय बजार नपाउने र भारतीय कृषि उपजले नेपाली कृषि उपजको बजार डुबाइदिने अवस्था उत्पन्न भएको छ ।

धागो, पाम तेल, भटमासको तेल, मकै, सोयाबिन, फलफूल, तरकारी मासुजन्य पदार्थ, तयारी पोसाक जुन देशभित्र उत्पादन गर्न सकिने वस्तु हुन तर यिनै सामग्रीको आयात हरेकवर्ष कहालिलाग्दो हुँदै गएको देखिन्छ । कृषि कृषिजन्य र त्यसका सहायक उत्पादनको आयात मात्रै बाहिरका देशहरूबाट एक खर्ब रुपैयाँभन्दा बढी छ । नेपालमा मासुकै लागि भारतबाट २३ अर्ब रुपैयाँको पशु आयात हुने गरेको देखिन्छ । सन १९७० को दशकसम्म नेपालले आफ्ना कृषिजन्य उत्पादन भारत, चीनको स्वशासित क्षेत्र तिब्बत, बर्मा वा म्यानमार र टर्कीसम्म निर्यात गर्ने गरेको थियो ।

नेपालले सन २००४ मा विश्व व्यापार संगठनको सदस्यता लिएपछि नेपाली निर्यातजन्य वस्तुहरूको विश्व बजारमा पहुँच बढ्ने र त्यसले आयवृद्धि भई व्यापार घाटा घट्ने भनिए पनि त्यसको ठीक उल्टो स्थिति देखा पर्दै आयो । यसको सदस्यता लिँदा अर्थात १८ वर्षअघि नेपालको व्यापार घाटा ८२ अर्ब रुपैंयाको मात्र थियो । ०७८-७९ मा १३ खर्बभन्दा बढीको व्यापार घाटा छ ।

संगठनका सदस्यता पश्चातको प्रावधान पूरा गर्न अमेरिका, युरोप र भारतजस्ता प्रमुख निर्यात बजारहरूमा उत्पन्न विभिन्न खाले भन्सार र गैरभन्सारजन्य अवरोधहरूले नेपाली उत्पादनको विश्वव्यापी बजार कमजोर बनिसकेको थियो ।

कृषिको व्यवसायीकरण, अनुदान, सहुलियतपूर्ण कृषि ऋण लगायतका सुविधामार्फत कृषि क्षेत्रको संरक्षण, आन्तरिक उपभोग्य वस्तु उत्पादकहरूलाई प्राथमिकता, व्यापार विविधिकरण, निर्यातजन्य वस्तुहरूको प्रतिष्पर्धी क्षमतामा वृद्धि लगायतका माध्यमहरू अपनाई व्यापारघाटा कम गर्न सकिन्थ्यो ।नेपालमा उत्पादित हुने वस्तुका मूल्य अभिवृद्धि गरी अन्तर्राष्ट्रिय बजारमा डब्लुटिओ, साफ्टा, बिमस्टेक लगायतका अन्य बहुराष्ट्रिय, क्षेत्रीय र द्विपक्षीय सन्धी-सम्झौताहरूले दिएका सहुलियतहरूको प्रत्यक्ष अधिकतम लाभ पाउन-उठाउन अब राष्ट्रिय रणनीति बनाउनै पर्दछ ।

देशको व्यापार घाटा बर्सेनि बढेकाले निर्यात प्रवर्द्धनका लागि वाणिज्य नीति ०६५ तथा एनटिआइएस २०१० पुनवरावलोकन आवश्यक भएको छ । त्यसको साथै व्यापार घाटा घटाउन निकासीयोग्य वस्तुका देशमा उत्पादन बढनै पर्दछ । सन् २००९ को परिमार्जित वाणिज्य सन्धीमा सहमति हुनुलाई व्यापारिक र राजनीतिक क्षेत्रका सफलताका रूपमा त्यसबेला लिइएको थियो ।

तर, उक्त सन्धी देशको हितमा भए पनि औद्योगिक वातावरण बन्न नसकेकाले यसले व्यापार घाटा कम गर्न नसकेको देखिन्छ । उक्त सन्धिमा तुलनात्मक लाभ भएका वस्तुहरूका निर्यात अवरोध हटाउने परिमार्जित बुँदा भए पनि त्यसको ठोस व्याख्या नभएकाले निकासी बढन सकेन ।

सन्धिमा गैरभन्सार अवरोध हटाउने भनिए पनि कुनै ठोस कदम आजसम्म चालिएको छैन । सरसर्ती हेर्दा सन्धिका १४ बुँदाहरू नेपालको हितमा देखिए पनि सन्धिपश्चातका कार्यान्वयन गरिने पूर्वाधार निर्माणमा कदम चालिएन । सन्धि आफैंमा अग्रगामीका कदमबारे स्पष्ट व्याख्या देखिँदैन । यससँगै भारतले नेपालको प्रयोगशालाको स्तरोन्नतिमा पनि सहयोगको वचन दिए पनि व्यवहारमा भएको देखिँदैन ।

सन्धिमा नेपालको अन्तर्राष्ट्रिय उडानबाट समेत व्यापार गर्न सक्ने प्रावधान एवं मान्यता दिए पनि यस हवाई उडान नाकाबाट हुने व्यापारको प्रकृति खुलेको देखिँदैन । साथै तयारी पोसाक व्यवसायीहरूले भारतले लगाएको चार प्रतिशत अतिरिक्त शुल्क हटाउन माग गरे पनि सो खारेज हुन सकेको छैन ।

यदि वैदेशिक व्यापार सन्तुलनमा ल्याउन समयमै उपयुक्त कदम चालिएन भने नेपालको स्वाधिन अथतन्त्र गम्भीर अवस्थामा जानेछ । विश्वका कतिपय देशले आफ्नो कुल गार्हस्थ उत्पादन वा जिडिपीको २ सय २५ प्रतिशतसम्म निर्यात व्यापार गर्ने गर्दछन् ।

तर, नेपालको निर्यात व्यापार कुल गार्हस्थ उत्पादनको सरदरमा पाँच देखि आठ प्रतिशत छ । यो अफगानिस्तान, बुरुण्डी र सुडानजस्ता देशको तुलनामा समेत कम हो । नेपालको उत्तरी छिमेकी चीनको निर्यात व्यापार जिडिपीको २७ प्रतिशत रहेको छ ।अग्रगामी विकासशील अवस्थामा जान नेपाललाई आगामी ८ वर्षभित्र ९७ खर्ब रुपैयाँको लगानी आवश्यक पर्ने बताइएको छ । त्यसपछि मात्र निकासी बढन गई व्यापार घाटा घट्नेछ । लगानीका अवरोध बनेका दर्जनौं ऐन-कानुन-नियमका संशोधन तथा अन्य थुप्रै नयाँ ऐन ल्याउन आवश्यक देखिन्छ । त्यसमा सरकारले केही पहल गरेको देखिए पनि परिणाम देखिएको छैन ।

# श्री बानेश्वर गुठी तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

**स्थापना**

वानेश्वर गुठीको स्थापना ठूलो खरिवोट वानेश्वरमा २०६८।१०।२४ गतेका दिन भएको हो। स्थानीय प्रशासन कार्यालय तथा समाज कल्याण परिषद दुवैमा दर्ता भएको यस क्लवको संस्थापक अध्यक्ष श्री वलराम सार्कीको हुनुहुन्थ्यो। हालको अध्यक्षमा श्री रामजी अछामी, उपाध्यक्षमा श्री कुवेर रम्तेल, सचिवमा श्री कुमार जंग अछामी, कोषाध्यक्षमा श्री शीवराम अछामी, सहकोषाध्यक्षमा श्री सुमन अछामी सदस्यहरूमा क्रमसः श्री संभु अछामी, श्री श्याम रम्तेल, हिरादेवी अछामी, श्री रवी कुमार अछामी, श्री श्याम कुमार अछामी, श्री शंकर रम्तेल, श्री राजु अछामी (J.M) श्री बद्रि रम्तेल रहेका छन्। त्यसै गरी क्लबका सल्लाहकारहरूमा श्री गोपाल अछामी, श्री भीम पुर्कोटी, श्री धन रम्तेल, श्री विनोद अछामी, एवं थकाली श्री शीव कुमार अछामी, श्री कृष्ण बहादुर सेवक, श्री सानुकृष्ण वयलकोटी रहेका छन्। साथै यस गुठीमा ६१ घरपरिवारको ५५० जना सहभागी सदस्यहरू रहेका छन्।

**गुठीको उद्देश्य**

१. यो गुठी सामाजिक र समाजसेवी मुनाफारहित संस्था हो।
२. यस गुठीले टोल, गाउँ, वडा क्षेत्रहरूमा भएका विकृति, विसंगति र अवाञ्छित कार्यहरूलाई निस्तेज पार्दै सबैमा चेतना जगाउँदै स्वच्छ, शान्त, सभ्य, स्वस्थ र चेतनशील समाज निर्माणका लागि होस्टेमा हैंसे गर्ने गराउने।
३. युवा, ज्येष्ठ महिलाहरूको सम्मान, संरक्षण गर्दै विकास निर्माण र उद्यमशीलतातिर बढ्न प्रेरणा दिँदै जाने।
४. राज्यका सबै निकाय र समाजसेवामा अग्रसर संघसंस्थाहरूसँग हातेमालो गर्दै वडा टोल निर्माण र समृद्धि गर्न सहयोग गर्ने।
५. ऐतिहासिक धरोहरहरूको संरक्षण गर्ने गराउने।

**यस गुठीले गरेका सामाजिक कार्यहरू**

१. टोल र वडाबासीहरूलाई निःशुल्क खानेपानी वितरण।
२. टोल र वडाबासीहरूलाई सिलाइ कटाइ जुत्ता चप्पल निर्माण तालिम, कुशन तालिम तथा ज्येष्ठहरूलाई पौड शिक्षाजस्तो कार्यक्रमहरू गरियो।
३. विभिन्न समयमा सरसफाइ, अन्तर्क्रिया, विकास निर्माण, खेलकुद र सांस्कृतिक कार्यक्रमहरू गर्दै आएका छौं।
४. ऐतिहासिक ढुंगेधारा संरक्षण मर्मत र पानी वितरण, धार्मिक भ्रमण, देशका स्रष्टाहरू, विद्यार्थी, युवा, ज्येष्ठ समाजसेवीहरूलाई सम्मान गर्ने कामहरू भएको छ।
५. असहाय, आर्थिक अवस्था कमजोर भएकाहरूलाई स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग, कोभिडमा माक्स र राहत वितरण, भूकम्पमा त्रिपाल खाना निःशुल्क वितरण, ज्येष्ठ वृद्धाहरूलाई खाना खुवाउने कार्यहरू पनि गरिँदै आएको छ।

**यो वर्षको कार्ययोजनाहरू**

१. चेतनामूलक बृहत सरसफाइ कार्यक्रम गरिने।
२. महिलाहरूको महान पर्व तिजमा सांस्कृतिक कार्यक्रम गर्ने।
३. अन्तर्क्रिया र शुभकामना आदानप्रदानमा चियापान।
४. देउसी भैलो सांस्कृतिक कार्यक्रम गर्ने।
५. युवाहरूका लागि खेलकुद कार्यक्रम गर्ने।
६. स्वास्थ्य शिविर सञ्चालन गर्ने।
७. भाइबहिनीहरूका लागि रचनात्मक कार्यक्रम गर्ने।
८. ज्येष्ठहरूलाई धार्मिक भ्रमण कार्यक्रम।
९. बृहत वनभोज कार्यक्रम गर्ने।
१०. सबै संघसंस्थाहरूसँग अन्तर्क्रिया कार्यक्रम गर्ने।

आवश्यकताअनुसार हरेक समयमा आवश्यक पहलकदमीसहित टोल वडाका सबै सामाजिक कार्यहरूमा सहभागिता जनाउने। हाल यही कार्यक्रमहरू गर्ने योजना रहेको छ।

**सुरेन्द्र ढकाल प्रतिष्ठानसंग संहकार्य**

गुठीले आर्थिक वर्ष ०७९।८० देखि सुरेन्द्र ढकाल प्रतिष्ठानसंग सहकार्य शुरु गरेको छ। जस अन्तर्गत प्रतिष्ठानले उक्त आ.व मा गुठीका खेलाडीहरूका लागि रु ५० हजारको जर्सी उपलब्ध गराएको थियो। प्रतिष्ठानसंग गुठी आवद्ध भएको कारण प्रतिष्ठानवाट हरेक वर्ष गुठीलाई नियमित सहयोग हुने अपेक्षा गरिएको छ। यस्को लागि गुठी प्रतिष्ठानप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छ।













कथा

# प्रतिक्षा ....अनि प्रतिक्षा

लक्ष्मी उप्रेती




त्यसबेला अनिमाको आकृति प्रफुल्ल भावमा सलबलायो । उनी मुसुक्क हाँसिन् र- "दिदी भिसा लाग्ने निश्चित नै जस्तो एउटा चुनौतीपूर्ण संजोग जुट्यो त्यसबेला । गाउँमा एउटी छिमेकी बैनीलाई डि.भी. परेको थियो । उनी आर्थिक अभावका कारण जान नसक्ने अवस्थामा थिइन् । हामीले एउटा सर्त राखेर उनलाई जान पुग्ने खर्च जुटाइ दियौं । हाम्रो सर्तमा उनी पनि मन्जुर भइन् अनि पो लाग्न सक्यो त भिसा ।"

"नाता सम्बन्ध दह्रो नभई छिमेकी बैनीलाई परेको डि.भी.को आधारमा अमेरिकन राजदूतावासले ज्वाइँलाई भिसा दियो त अनिमा ?" बिना प्रमाण कुनै प्रकारको सम्झौता नगर्ने कढा नियम कानुन भएको निकायले त्यस्तो सजिलै भिसा दियो भन्दा पत्याइनँ र उनलाई प्रश्न गरे ।

त्यतिकै कहाँ हुनु नि दिदी, ती बैनी र ज्वाइँको अदालतमा लगेर कागजी बिहे गरि दियौँ । अनि कानुनी रूपमा उनीहरूको नाता लोग्ने र स्वास्नीको भयो । त्यसपछि ज्वाइँको भिसा सजिलै भयो ।" स्पष्ट हुने गरी उनले भनेका यो कुरा सुनेर म एकैपटक छागाँबाट खसेँ ।

"लोग्ने स्वास्नीको नाता उनीहरूको भयो ? यो के भनेकी तिमीले ?" बल गरेर उन्लाई सोधेँ ।

"हो नि दिदी" हाँस्दै सहजताका साथ उत्तर दिइन् उनले ।

"हत्तेरिका अनिमा के भनेकी तिमीले ? अनि ऐले उनीहरू.......?"

"त्यहाँ गएको तीन वर्षपछि फेरि कानुनी रूपमा ज्वाइँको र उनको सम्बन्ध विच्छेद भयो । त्यसपछि उनी नेपाल आइन् र आफ्नो प्रेमीसँग बिहे गरिन् । अनि उनीहरू दुवै जना उतै गएर घरजाम गरेर बस्न थाले । ज्वाइँ, ज्वाइँको बैनीहरूकामा हुनुहुन्छ । उनीहरूसँग ज्वाइँको भेटघाट नै हुँदैन ।"

जीवन जति कठिन छ त्यो भन्दा पनि बढी रहस्मय छ । के यसरी पनि जीवनका सम्बन्धहरू सजिला होलान् त ? समाधानहीन समस्याले भित्रभित्रै ग्रसित बनाउँछ । एकातिर जोडिँदै जान्छु, अर्कातिर चुडिँदै जान्छु । मनमनै सोचेँ,'अनिमा सिङ्गो आगो निलेर बाँचेकी रहिछिन् । प्रेम गरेर बिहे गरेको लोग्नेलाई कानुनी रूपमा अर्काको लोग्ने बनाएर त्यति टाढा आफूले नदेख्ने ठाउँमा पठाउन सक्ने उनको विश्वासले म कुन्नि कस्तो अचल र शून्यवत् भएँ अहिले । के यिनी यस्तै गम्भीर नै हुन् वा यिनलाई जीवन पीडाले भोगाएको समयको दर्शन हो ।'

उनको अनुहार पढ्न खोजेँ । अहँ सकिनँ । अनेकन कुराहरू सोच्दा सोच्दै उनलाई हेरेँ, उनलाई बुझ्न सकिनँ । साँझ पर्न लागेका छ । कफीको तलतल लाग्यो । अनि "अनिमा अब त काठमाडौँमा साँझपख चिसो हुन थालिसक्यो । हिँड भित्रै बैठकमा बसौँ । म कफी बनाएर ल्याउँछु है" यति भन्दै भित्र लागेँ ।

चराचुरूंगीहरू बास बस्न आफ्नो गुँड छेउ भुरभराउँदै छन् । दिनभरि मौन रहने छिमेकीको घरबाट निस्किएको कल्याङ्ग कुलुङ्गको आवाज खुल्ला झ्यालबाट अस्पष्ट सुनिन्छ । अनेक मोडलका वाहनहरू तीव्र गतिले सडकमा गुडेका गुडैछन् । सडक पेटीमा मानिसको ओहोर दोहोर उस्तै छ । यो काठमाडौँमा मानिसहरू पनि कति हुन् कति । आआफ्नो उद्देश्य लिएर देशभरिबाट मानिसहरूको काठमाडौँमा ओइरिने क्रम बढ्दो छ । यस्तै चाहिने नचाहिने कुराहरू सोच्दै बनाइसकेको कफी दुईवटा कपमा राखेर बैठकमा आएँ ।

कफि पिउँदै "आफू सुत्केरी भएर थलिएको बेला आफ्नो लोग्नेलाई अर्कै केटीसँग कानुनी रूपमा बिहे गर्ने अनुमति दिन कसरी सक्यौ बैनी तिमीले । तिमीलाई डर लागेन आफ्नो लोग्ने कतै.........?" बोल्दा बोल्दै म अड्किएँ ।

"डर त लाग्यो नि दिदी, तर त्यो डर भन्दा मृत्युको डर डरलाग्दो देखेँ । त्यसबेला केही दिन अगाडि मेरो घरछेउमा छिमेकी बाको हत्या गरी खेतमा फ्याकेको लास.........। मृत्युलाई नजिकबाट देखेको घटनाले जस्तै डर पनि सहन तयार भएँ" लामो श्वास लिँदै एकछिनमा फेरि भन्न थालिन् "त्यसैले दिदी मृत्युको भयबाट तर्सिएर लोग्नेको जीवन रक्षाका लागि तत्काल अरू कुनै उपाय नै भएन र त्यसो गरेँ । उहाँको जीवन भन्दा प्यारो मेरो लागि अरू केही थिएन ।" बोल्दा बोल्दै आँखा चिम्म गरेर के सोच्न थालिन् । वाल्ल परेर उनको जीवनले भोगेका वेदना, सन्त्रास र सङ्कटका यावत् घटना सुनिरहेँ ।

"तर दिदी, हजुरले भने जस्तो जतिसुकै माया र विश्वास हुँदा हुँदै पनि जब उहाँका साथमा अर्कै केटीलाई कानुनी रूपमा स्वास्नी बनाएर आफैले टिका लगाई'शुभयात्रा' भनेर बिदा गरेँ नि त्यो दिन मलाई असह्य छटपट भयो । त्यसबेला कति दिन, कति रात सुत्केरी कुनामा अविश्वास र ईष्याको विष पिएर छोरीलाई सुमसुम्याउँदै रोइरहेँ । आफ्नो लोग्ने र ती बैनी बीच हुनसक्ने सम्बन्धको अनेक कल्पना गर्दै पलपल मर्दै बाँचेकी थिएँ म । जबसम्म त्यहाँ गएर कानुनी रूपमा उनीहरूको सम्बन्ध विच्छेद भयो भन्ने कुरामा आश्वास्त भइनँ तबसम्म कानुनी नातामा जोडिएको उनीहरूको कसीलाई नाप्दै पीर- ईर्ष्याको ज्वालामा दन्किरहेँ ।" भावनामा बहकिएर आफ्नो जीवनको नमीठो अनुभव सुनाउँदा सुनाउँदै अनिमा सुकसुकाउन पो थालिन् । उनका कुराले आहत भएँ म । मेरो बोलीभित्रै अड्कियो ।'नारी जीवनको चरम दुःख र वेदना पचाएर बाँच्न सक्ने सङ्घर्षको कहानी हो । जसलाई सुन्न नारीले पनि मन थाम्न सक्नुपर्छ ।'

औंसीको कालो रातले यसबेला काठमाडौंलाई सिनित्त निलेको छ । घरघरबाट निस्केको बिजुली बत्तीको उज्यालो टहक पिलिक-पिलिक छचल्किँदै बलेको देखिन्छ परपरबाट पनि ।

"ए आठ पो बजिसकेछ ।" मौनता भङ्ग गर्दै उठेर भान्छामा पसे । एकछिन पछि उनी पनि भान्छामा नै आइन् र "के गरौं दिदी म" भन्दै डाइनिङ टेबल छेउको कुर्सी तानेर बसिन् । उनका अगाडि केलाउन ठिक्क पारेको तरकारी राखिदिएँ र काम गर्दै अरू कुरा अगाडि बढाएँ ।

"गएको कति समयपछि सम्बन्ध विच्छेद भयो अनिमा उनीहरूको ?"

"झन्डै तीन वर्ष नै लाग्यो नि दिदी ।"

"दुई जनाकै सहमतिमा पनि त्यत्रो समय किन ?"

"गएको दुई वर्ष नपुगी त्यहाँको कानुनमा सम्बन्ध विच्छेदको उजुरी त दर्ता हुँदैन अरे ।"

"त्यतिन्जेल त्यो केटी कहाँ बसी, अनि ज्वाइ कहाँ .......?

"त्यसो त दिदी मेरा दुइटै नन्द पहिलादेखि नै अमेरिकामा हुनुहुन्छ नि । उहाँहरूकै सल्लाह अनुसार ज्वाइँ त्यसरी जानुभएको । ज्वाइँ गएदेखि नै बैनीहरूकामा बस्नु भयो । डि.भी. परेर गएकी ती बहिनी त नन्दहरूको सहयोगले केही दिनमा नै व्यवस्थित भइगइन् नि । ज्वाइँको चैँ त्यतिन्जेल कमाएको पनि छोडपत्रको केसमा खर्च भयो । त्यो झन्झट सकिएपछि सिटिजनको झन्झटमा लागेर दिक्क पार्नुभएको छ ।' अब नेपाल नै फर्कनु, यतै दुःख, सुख गरेर बसौँला' भन्दा उहाँ उतैको आकर्षणमा भुल्नु भएकाले होला सिटिजनकै पछि लागेर यत्रो समय बितिसक्यो । यसो सोच्दा उहाँ आएर के गर्नु र फेरि । अझै देशमा शान्ति छाएको छैन । देशको परिस्थिति यस्तो डामाडोल छ । उहाँले आफ्नो जागिर नै छाडेर जानु भएको हो । त्यसबेलाको परिस्थितिमा अलि अलि गर्दै जमिनहरू सस्तो मस्तो बेच बिखान गरियो । फेरि सुरक्षित नै होइन्छ भन्ने कुनै निश्चित पनि त छैन नि ।" सशङ्कित भावमा एकोहोरो बहकिरहेकी थिइन् उनी । उनको मोवाइलमा घण्टी बज्यो । हत्तपत्त व्यागबाट मोवाइल झिकिन् र फोन रिसिभ गरेर रहस्यमय दृष्टि मतिर फ्याक्दै बाहिरिइन् ।


मैले हतार हतार गरेर खाना बनाइसकेँ । उनको भित्र आउने चालचुल छैन । यसो हेरेको त उनी बरन्डामा निस्किसकेकी रहिछिन् ।

"यति राति कोसँग कुरा गर्न बाहिर निस्केउ नि तिमी" ठटौली शैलीमा उनलाई जिस्क्याउँदै म बरन्डामा निस्किएँ । उनी त फोनमा कुरा गरिसकेर कुर्सीमा शिथिल भएर बसेकी रहिछन् । उनका आँखाबाट आँसुका धारा अविरल बगिरहेका थिए । उनको यस्तो गति देखेर म डराएर ढोका बाहिर अचल भएर ठिङ्ग उभिएँ । ढोकामा म उभिएको देखेर अनिमा जुरुक्क उठिन् र ध्याप्प अँगालो मार्दै घुक्क घुक्क रुन थालिन् । उनलाई अँगाल्दै उनको पिठ्यूँ सुमसुम्याएँ । अनिताको यस्तो अवस्थाले निकैबेरसम्म मेरो बोली नै हराए झैँ भयो ।

एकछिन पछि उनले नै आफ्नो टाउको उठाएर "दिदी ज्वाइँको सिटिजन यसपटक पनि भएन छ । यसपटकको कोसिसमा पनि सिटिजन बन्न नसक्दा ज्वाइँ समेत खिन्न हुनुभयो । आज बढो क्लान्त भएर फोनमा कुरा गर्नु भयो । उहाँको विचलित भाव सुनेर केही भन्न सकिनँ मैले ।

अब के गर्नु दिदी ? कति दिनसम्म पर्खनु । उता उहाँलाई हैरान, यता मलाई दिक्दारीले पिरोलेको पिरोलै छ । यो प्रतीक्षाको अन्त भएर मिलनको क्षण आउन सक्ला र दिदी मेरो जीवनमा ?" भन्दै दुई आँखाबाट बलिन्द्र आँसुका धारा बगाउन थालिन् । उनको यस्तो बिलौना सुनेर म अचल भएर चुपचाप त्यही उभिरहेँ मन दुखाउँदै । बस उभिरहेँ । उनी रोइरहिन् रोइरहिन् ।

# पुरूषलाई प्रोस्टेट बढ्नुका कारण




पिसाब थैली र पिसाब नलीको बीचमा रहेको प्रोस्टेट ग्रन्थीले विर्यलाई आवश्यक पर्ने तत्व उत्पादन गर्छ । ४० देखि ४५ वर्षको उमेरपछि पुरुषलाई प्रोस्टेटको समस्या देखिन थाल्छ । यो उमेर समूहपछि प्रोस्टेटको आकार र वजन बढ्ने हुनाले यसबाट पिसाब र मिर्गौलासम्बन्धी समस्या आउन सक्छ । २० देखि २५ ग्रामसम्मको प्रोस्टेटलाई 'ग्रेड वान' भनिन्छ, जसलाई सामान्य मानिन्छ ।

त्यस्तै, २५ देखि ५० ग्रामसम्मको लागि 'ग्रेड टु' ५० देखि ७५ ग्रामसम्मको 'ग्रेड थ्रि' र ७५ ग्रामभन्दा माथिकोलाई 'ग्रेड फोर' भनी विभाजन गरिएको हुन्छ । प्रोस्टेटका विभिन्न पाँच वटा टुक्रा (लोब) हुन्छन् । कुन लोब कसरी बढ्यो त्यही अनुसार कसरी असर गर्छ भन्ने कुरा पत्ता लगाउन क्लिनिकल जाँचहरू गर्नुपर्ने हुन्छ । प्रोस्टेट बढेपछि हुने समस्यालाई दुई तरिकाले हेर्न सकिन्छ ।

१. इरिटेटिभ सिम्टम्स : इरिटेटिभ सिम्टम्समा छिटो-छिटो पिसाब लाग्ने, पिसाब गर्न असहज हुने वा जलन हुने समस्या देखिन्छ ।

२. अब्स्ट्रक्टिभ सिम्टम्सः पिसाब नलीमा कुनै किसिमको अवरोध आउनुलाई अब्स्ट्रक्टिभ सिम्टम्स भनिन्छ । यसमा पिसाबको धारा मसिनो हुनु, पिसाबको गति कम हुनु र पिसाब फेरिसकेपछि पनि पूरै निखिएजस्तो नहुनु, राति धेरैचोटि पिसाब लाग्नु जस्ता समस्या देखिन्छन् । प्रोस्टेटको अवरोधका कारण 'युरिनरी ट्र्याक इन्फेक्सन' (युटिआइ) हुने गर्छ । त्यस्तै, यो समस्या जटिल बन्दै गएमा पिसाबमा रगत देखिनुका साथै किड्नीमा असर पुगी किड्नी फेल हुन सक्छ ।

४० वर्षपछिकै उमेरमा उच्च रक्तचाप, मधुमेह, थाइराइड, मुटुको रोग, दमका रोग, इन्डोक्राइन रोगहरू हुन सक्ने भएकाले प्रोस्टेटको समस्या झन् जटिल बन्दै जान्छ । प्रोस्टेट बढ्नुका मुख्य दुई कारण हुन्छन् ।

१. बिनाइन (क्यान्सर नभएको) : बिनाइन संक्रमणका कारण पनि प्रोस्टेट बढ्छ । पुरुषको शरीरमा हुने टेस्टोस्टेरोन हर्मोनमा आउने गडबडीका कारण प्रोस्टेट बढ्ने सम्भावना रहन्छ । यो उमेरसँगै बढेर आउने समस्या हो ।

२. म्यालिग्न्यान्सी (क्यान्सर) : म्यालिग्न्यान्सी हुनुको पहिलो कारण त वंशाणुगत नै हो । त्यस्तै, रेडियोथेरापी गरिएको छ भने पनि यो समस्या आउन सक्छ । कहिलेकाहीँ प्रोस्टेटको क्यान्सर नभई अन्य कुनै क्यान्सरका कारण रेडियोथेरापी दिइएको छ भने पनि म्यालिग्न्यान्सी हुन सक्ने खतरा रहन्छ ।

### परीक्षण तथा उपचार विधि

विभिन्न परीक्षणबाट प्रोस्टेटको समस्याबारे थाहा पाउन सकिन्छ । ल्याब टेस्ट गर्नुअघि एक प्रकारको क्लिनिकल जाँच गर्नुपर्ने हुन्छ । जसमा मलद्वारबाट औँला लगेर प्रोस्टेटको जाँच गरिन्छ । यसबाट पनि प्रोस्टेटको आकार थाहा पाउन सकिन्छ । अन्य परीक्षण विधि निम्नअनुसारका छन् ।

१. युएसजी (अल्ट्रा सोनो ग्रामर)ः यसबाट प्रोस्टेटको आकार र प्रोस्टेटको कुन टुक्रा कसरी बढेको छ भनेर हेरिन्छ । यसबाट अवरोध भएरनभएको र पिसाब फेरिसकेपछि कति पिसाब बाँकी छ भन्ने कुरा हेरिन्छ । कहीलेकाहीँ चार सयदेखि पाँच सय मिलिलिटरसम्म पिसाब जम्मा भएर आएका बिरामी पनि भेटिन्छन् । यस्तो अवस्थामा किड्नी फेल हुने सम्भावना बढी हुन्छ ।

२. युरोफ्लोमेट्रीः यसमा बिरामीलाई मेसिनमा पिसाब फेर्न लगाइन्छ र पिसाबको धार कस्तो छ? पिसाबको 'फोर्स' कस्तो छ भनेर हेरिन्छ । यसबाट पिसाबको गति थाहा पाइन्छ ।

३. पिएसए (प्रोस्ट्याटिक सेन्सेटिभ एन्टिजिन)ः प्रोस्टेटभित्र क्यान्सर भए/नभएको पत्ता लगाउन पिएसए जाँच गरिन्छ । तर, पिएसए बढ्दैमा क्यान्सर भएको छ भन्ने चाहिँ हुँदैन । यो प्रोस्टेट क्यान्सर पत्ता लगाउनका लागि गरिने सामान्य स्क्रिनिङ मात्र हो ।

४. पिसाबको जाँचः पिसाबमा संक्रमण छरछैन भनेर पिसाबको ल्याब परीक्षण गरिन्छ । 'युरिन कल्चर' परीक्षण पनि गर्नुपर्ने हुन सक्छ । यसबाट पिसाबमा संक्रमण छ/छैन भन्ने कुरा पत्ता लाग्छ ।

५. किड्नी जाँचः किड्नी जाँचबाट चाहिँ प्रोस्टेटले किड्नीमा असर गरेको छरछैन भन्ने कुरा पत्ता लगाइन्छ ।

यी सबै जाँच गरिसकेपछि यदि बिनाइन प्रोस्ट्रेट हो भने पहिला औषधि चलाइन्छ र त्यसले कुनै काम गरेन भने शल्यक्रिया गर्नुपर्ने हुन्छ । प्रोस्टेटको आकार अनुसार शल्यक्रियाको किसिम पनि फरक हुनेगर्छ ।

१. मोनोपोलार टियुआरपीः पिसाबनलीबाट औजारको सहयोगमा प्रोस्टेट ग्रन्थी खुर्किने विधिलाई मोनोपोलार भनिन्छ । यो करिब ५० वर्ष पुरानो विधि हो । यसमा मेसिनबाट दिइएको करेन्ट मानिसको शरीरबाट निस्कन्छ ।

२. बाइपोलार टियुआरपीः यो विधि पनि मोनोपोलार जस्तै हो । तर यसमा चाहिँ मेसिनबाट मानिसको शरीरमा दिइएको करेन्ट मेसिनमै फर्किनेगर्छ । यो मोनोपोलार टियुआरपीको परिमार्जित विधि हो ।

३. ओपन सर्जरीः बिरामीको पेटको तल्लो भाग चिरेर प्रोस्टेट निकाल्ने विधिलाई ओपन सर्जरी विधि भनिन्छ ।

४. लेजरः यदि बिरामीको प्रोस्टेटको आकार ६० ग्रामभन्दा धेरै छ, बिरामीलाई मुटुमा समस्या छ र रगत पातलो गर्ने औषधि लिइरहेको छ भने 'लेजर सर्जरी' गर्नुपर्ने हुन्छ । यो पिसाबनलीबाट 'रेज' पठाएर गरिने सर्जरी हो । यो विधिको प्रयोग गर्दा शरीरबाट रगत निस्कँदैन ।


प्रोस्टेटको सर्जरी गर्दा कहिलेकाहीँ विर्य बाहिर ननिस्कने अवस्था आउन सक्छ । तसर्थ, बच्चाको चाहना पूरा भएकाहरू सर्जरी गरेर यो समस्याबाट छिटो उम्किन सक्छन् । बच्चाको चाहना छ भने चाहिँ औषधि सेवनबाट यसको समस्यालाई कम गर्न सकिन्छ ।

प्रोस्टेट क्यान्सर भएको शंका भएमा बायप्सी गरिन्छ । बायप्सीका लागि मलद्वारबाट सानो सुइमार्फत प्रोस्टेटको टुक्रा निकालिन्छ । त्यसबाट पनि क्यान्सर पत्ता नलागेमा 'एमआरआई गाइडेड बायप्सी' गर्नुपर्ने हुन्छ । त्यसपछि क्यान्सरको अवस्था पत्ता लगाई उपचार गरिन्छ । सुरुवाती चरणको क्यान्सर भएमा 'रोबोटिक सर्जरी' गर्न सकिन्छ र पूरै निको हुन्छ । तर, क्यान्सर जटिल अवस्थामा पुगिसकेको भए 'रेडियोथेरापी' र 'केमो मोडुलेसन' गरेरे बिरामीको प्रोस्टेटलाई स्थिर बनाइन्छ । प्रोस्टेट क्यान्सर अरु क्यान्सरजस्तो चाँडो फैलिएर गम्भीर असर पार्दैन । प्रोस्टेट क्यान्सर भएरनभएको थाहा पाउनका लागि समय-समयमा क्यान्सर स्क्रिनिङ गरिरहँदा यसको जोखिमबाट बच्न सकिन्छ ।

# विषय र विवेचना कृतिको उपयोगिता

■ इन्दुल के.सी.






### प्रारम्भ

२००४ सालमा जन्मनुभएका चूडाप्रसाद चौलागाईंले लेख्नुभएको 'विषय र विवेचना' (लेखसङ्ग्रह) पुस्तकबारे म सङ्क्षिप्त टिप्पणी प्रस्तुत गर्दैछु । लेखकको यस पुस्तकमा रहेका ४० ओटा लेख यसभन्दा पहिले नै 'नेपालभूमि राष्ट्रिय साप्ताहिक' पत्रिकामा प्रकाशित भइसकेका हुँदा कतिपय पाठकहरूमा उहाँको लेखनीबारे ज्ञात भइसकेको हुनुपर्छ । प्रभा माध्यमिक विद्यालय काभ्रेपलान्चोकबाट प्रकाशित १४४ पृष्ठको यो पुस्तकका लेखक चौलागाईंज्यू ४५ वर्षसम्म शिक्षण पेसामा लाग्नुभएकाले उहाँका विद्यार्थी, अभिभावकलगायत हजारौं व्यक्तिहरूले उहाँको स्वभावबारे सहजै जान्नु बुझ्नुभएको हुनुपर्छ । अब यो कृतिलाई अझ व्यापक जनसमुदाय, साहित्यप्रेमीहरूले उहाँको सोचविचार, दृष्टिकोणबारे नयाँ-नयाँ कुरा अझ बढी थाहा पाउनुहुनेछ भन्ने मलाई लाग्छ ।

### विषय

यो कृतिको मूल विषय साहित्य, सङ्स्कृति, धर्म र आध्यात्मिकता हुन् । प्रायः यसमा रहेका लेखहरूमा दर्शनजस्तो गहन विषयलाई उहाँले सरल भाषामा प्रस्तुत गर्नुभएको छ । दार्शनिक चिन्तकहरु जस्तै सुकरात, प्लेटो, अरिस्टोटल, अल्वर्ट आइनस्टाइन, कार्ल मार्क्सका साथै अध्यात्मवादी चिन्तक वेदव्यासले रचना गर्नुभएका धर्मशास्त्र, वेद, कथा, पुराणको चर्चा यस कृतिमा भएको छ । चौलागाईंको शब्दमा अध्यात्मवाद र भौतिकवाद एक नदीका दुई किनारा हुन् । पूर्वीय दर्शन र पाश्चात्य दर्शनको भिन्नता देखाउनुहुँदै उहाँ भन्नुहुन्छ - 'पूर्वीय दर्शन शरीरको मासु हो र पाश्चात्य दर्शन शरीरको हाड हो ।'

### साहित्य

प्रस्तुत पुस्तकमा साहित्यतर्फ रहेका लेखहरु नियाल्दा चाणक्यनीति तथा कविवर सिद्धिचरण श्रेष्ठको प्रभाव लेखनमा परेको बुझिन्छ । उहाँ साहित्यको नौलो परिभाषा दिनुहुन्छ- 'साहित्य मुटुको बोली हो, मस्तिष्कको खुराक हो, जीवनको ऊर्जा हो । हाँसो र आँसु पनि सहित्य हो ।' यो उहाँको अभिव्यक्ति साहित्य -अनुरागीहरुका लागि एउटा मिठो खुराक हो ।

### निबन्ध

निबन्धकार चौलागाईंज्यूको अर्को विशेषता निबन्धहरुको शीर्षक छनोटमा पनि देखिन्छ । यसमा 'प्रेम' सम्बन्धमा तीन ओटा निबन्धहर छन् । (१) सच्चा प्रेम र जीवनको ऊर्जा, (२) आहा, यस्तो प्रेम पो प्रेम, र (३) प्रेम गरौं, प्रेम गर्न सिकाऊँ । यी निबन्धहरुले प्रेमका विभिन्न पहलुहरुलाई उजागर गरेका छन् । प्रेम सन्देशमूलक रूपमा जीवनसँग गाँसिएको कुरा यहाँ प्रस्तुत भएको छ ।

### महिला

यसरी नै महिलाबारे दुई ओटा लेखहरु छन् (१) नयाँ पुस्तक राम्री तरुनी, र (२) पुरुषहरु महिलाको वशमा । यी निबन्धहरुले महिलाका बारे जुन विचार निबन्धकारले दिनुभएको छ, त्यो हाम्रो समाजको वास्तविक पक्ष हो । चौलागाईं सचेतकका रूपमा देखापर्नुभएको छ । शुभकार्य सबैले गर्नुपर्छ सबैले भन्ने गर्दछन् तर अशुभ कार्यमा पनि सबैको ध्यान जानु आवश्यक छ । मानिसमा अहम् भाव हुनु राम्रो होइन । कसैको सेखी नगरौँ भन्ने सन्देश यहाँ पाइन्छ ।

### आत्मा, सत्सङ्ग र तपस्या

आत्मा, सत्सङ्ग र तपस्याबारे निबन्धकार चर्चा गर्नुहुन्छ । धर्म के हो भन्ने प्रश्नको जवाफमा अन्नदान भन्नुभएको छ । मानिसहरु आफूलाई दुःख पर्ला भन्ने चिन्ताले पिरोलिने गर्दछन् तर दुःखलाई वरदानका रूपमा लिन सके राम्रो हुने सल्लाह दिनुभएको छ । ज्ञानको महत्त्व ठूलो छ । त्यसैले ज्ञानको चाहना गरिन्छ । यहाँ लेखकले ज्ञानलाई तीन भेदहरु सात्विक, राजस र तमस नामले विभाजन भएको चर्चा गर्नुभएको छ ।

यो पुस्तकको परिशिष्टमा गीता मञ्जुश्रीले लेख्नुभएको वाक्य 'चूडाप्रसाद चौलागाई राम्रो अध्येता, राम्रो पाठक, राम्रो लेखक, राम्रो चिन्तक, राम्रो समीक्षक' भएकोमा यो टिप्पणीकार सहमत छ । 'विषय र विवेचना' (लेखसङ्ग्रह) शीर्षक पुस्तकमा समावेश भएका निबन्धहरुसँग राम्रो तादात्म्य छ । समग्रमा भन्नुपर्दा यो पुस्तक पठनीय, सङ्ग्रहणीय भएकाले लेखक चूडाप्रसाद चौलागाईं, शब्दयात्रा प्रकाशन, यसका सबै पाठकहरुमा मेरो साधुवाद छ ।

# गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार अज्ञात र घिमिरेलाई



काठमाडौं । कवि हाङयुग अज्ञात र रंगकर्मी घिमिरे युवराजले गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार पाएकाछन् ।

संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयले संस्कृति प्रवर्द्धनमा टेवा पुऱ्याएको भन्दै अज्ञात र घिमिरेलाई यो पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । सिर्जनशील अराजकता अभियानका एक सदस्य समेत रहेका अज्ञात कविता कर्ममा सक्रिय छन् । त्यसैगरी रंगकर्मी घिमिरे शिल्पि थियटरमा आवद्ध छन् ।

# विश्वका संस्कृति निर्माण गर्ने पाँच देश



विष्णु भट्टराई

विश्वमा कुनै देशको प्रभाव पार्दछ भने त्यस देशमा कुन नै कुनै महत्वपूर्ण कुरा रहेको हुन्छ । त्यसैको भरमा उसले विश्वमा प्रभुत्व जमाइरहेको हुन्छ । यसमा सैन्य बल, राजनीतिक दबदबा तथा आर्थिक सामर्थ्य मुख्य रूपमा रहेका हुन्छन् । तर । कुनै देश यस्ता हुन्छन् जसको संस्कृति नै मुख्य रहेको छ । खानपान, वेशभुषा तथा मनोरञ्जनले विश्वमा आफ्नो छाप छोड्न सफल भएका हुन्छन् । यस सांस्कृतिक रूपबाट प्रभाव जमाउन सफल भएका देशको हालै 'युएस न्युज एन्ड वर्ल्ड रिपोर्ट' ले केही मापदण्ड बनाएर सूचीकृत गरेको छ । यो मापदण्डमा त्यस देशको प्रतिष्ठा, वेशभूषा, खुसीपन, आधुनिकता तथा मनोरञ्जन आदिलाई हेरिएको छ । यस सूचीमा इटाली, स्पेन, फान्स, बेलायतलगायत युरोपीय देश शीर्ष १० मा आएका छन् । यसमा एसियाली देश जापान पनि रहेको छ ।

सूचीमा ब्राजिल (खुसीयाली तथा आधुनिक जीवनशैली) र अमेरिका (आधुनिक ताथ प्रभावशाली संस्कृति) पनि सामेल छन् । यहाँ यिनै सूचीमा परेका पाँच शीर्ष देशका मानिससँग गरिएका कुराकानीमा आधारित रहेर विश्वमा पारेको छापको बारेमा जानकारी लिन कोसिस गरिएको छ ।

## इटली

वैलेटिनो, अरमानी, वरसाचे तथा गुचीजस्ता सुप्रसिद्ध डिजाइनर ब्यान्डको कारण इटलीले फेसनेबल तथा ट्रेडीका कारण १० नम्बर पाएको छ । यो कुराले लुसिया बुल्फाल्मनोजस्ता मानिसलाई धेरै हैरान पार्न सक्दैन । उनी आफैँ 'द पावर मुब्ज डट कम' ब्लगको संस्थापक हुन् । तथा, रोममा उनी अब्रुजोसँग ताल्लुक राख्दछन् । उनको मान्यता रहको छ कि, 'यो कुरा विशेषगरी भनिन्छ कि इटलीका मानिस यो कुरामा विशेष ध्यान दिन्छन् जुन कुरा उनीहरूलाई राम्रो लाग्छ कि लाग्दैन । उनीहरू फेसनेबल के हो भन्ने कुरा आफै विचार गर्छन् ।' सार्डिनयाकी एन्जिला कोरियास रोममा बस्छिन् । उनी 'रोम एक्चुअली' नामक ब्लग लेख्छिन् । उनको भनाइ रहेको छ, 'खानादेखि फर्निचरसम्म, स्टाइलसँग सम्बन्धित हरेक चिज इटलीबाट धेरै हदसम्म प्रभावित भएका छन् ।'

सबैलाई थाहा छ यहाँको खानाको पनि छुट्टै प्रभाव रहेको छ । एन्जिला भन्छिन् यसको प्रभाव हेर्नका लागि तपाईं इटलीको रोममा जानुपर्छ । उनी भन्छिन्, 'यहाँ आर्थिक संकट छ तैपनि, रोमनका मानिस बाहिरको खाना खान छोड्दैनन् ।यहाँको पारम्परिक 'जायका' तथा त्यसमा लागेको आधुनिक 'छोंक' दुवैको स्वाद लिन सकिन्छ । उदाहरणका लागि, प्रान्तीय इलाकाको पोरतो रेस्टुराँले पारम्परिक कासिओ पेपे (पेस्ता, जसमा रोमन पेकोरिनो तथा मरिचको समिश्रण रहेको हुन्छ) लाई समुद्री भोजनको रूपमा पस्किने गरेको छ । यो सुन्नमा अनौठो लाग्न सक्छ, तर चिज र समुद्री खानाको मिलावट ज्यादै स्वादिष्ट हुन्छ ।'

इटलीमा एक अर्को मनमोहक सांस्कृतिक ठाउँ छ 'बोलोग्ना' । जुन पौस्टिक खानपानका लागि ज्यादै प्रसिद्ध छ । त्यस्तै, मिलान पनि सबैले मन पराउने सहर हो । किनकि, यस सहरलाई व्यापार र फेसनको गढ मानिन्छ । यहाँ पनि ठुल्ठूला राम्रा रेस्टुराँ रहेका छन् ।

## फ्रान्स

आधुनिकता, प्रतिष्ठा तथा फेसनको मापदण्डमा सबैभन्दा धेरै कडा रूपमा आउने देशको रूपमा फ्रान्सलाई चिनिन्छ । फ्रान्सको यिनै विशेषताको नक्कल गर्न जो कोही पनि कोसिस गर्छन् । पेरिस निवासी रुबेन फिल्स भन्छन्, 'जबसम्म म मध्यपूर्व एसिया घुमेको थिइनँ तबसम्म मलाई यस कुराको कुनै थाहा नै दिएन कि आफ्नो संस्कृति कति प्रख्यात रहेको छ ।'

'बिन एराउन्ड द ग्लोब' नामक ब्लगमा आफ्नो यात्राको बारेमा फिल्स लेख्छन्, 'पिछडिएको ठाउँमा बस्ने मानिस पनि फ्रेन्च खान, फ्रेन्च कला तथा फ्रेन्च फेसनबाट ज्यादै प्रभावित रहेछन् । म इरानका धेरै मानिससँग भेटैं, उनीहरूले मलाई बताएकी उनीहरू 'मोलिएर' लाई धेरै मन पराउँछन् ।

यो सुनेर म हैरान भएँ किनकी इरानका मानिस पनि 'मोलिएर' लाई जान्दछन् ।' पेरिस त्यस्तो ठाउँ हो जहाँ फेसनदेखि लिएर खानेसम्म सबैतः फ्रेन्च संस्कृतिको अनुभव गर्न सकिन्छ । यहाँको बोर्डाक्स अर्को एक प्रतिष्ठित सहर हो । यहाँको इलाकामा धेरै राम्रो वाइन बनाइन्छ ।

पेरिसपछि यस सहरमा ज्यादै ऐतिहासिक भवन रहेका छन् । ल्यान, फ्रान्सको तेस्रो सबैभन्दा बढी भिड हुने सहर हो । यो आफ्नो पाककलाका लागि प्रख्यात रहेको छ । यो सहरले धेरै थ्री-स्टार मिसलिन सेफ पनि दिएको छ । त्यहीं टालुज एक अर्कौ मनमोहक सहर रहेको छ । जसको दुई हजार वर्ष पुरानो गौरवशाली इतिहास रहेको छ । यसलाई 'ला विले रोज' को नामले पनि चिनिन्छ । फ्रेन्च आफ्नो चिनारीप्रति ज्यादै अभिमान गर्दछ । किनकि, यहाँको चिनारीले विश्वलाई एक नयाँ अनुहार दिएको छ ।

यसमा उसको आफ्नो भाषा फ्रेन्च पनि सामेल छ जुन अन्य देशका लागि ज्यादै मुस्किल रहेको छ । यसको बारेमा फिल्स भन्छन्, 'फ्रान्सका धेरैजसो मानिस टुटीफुटी अंग्रेजी पनि बोल्दैनन्, त्यसकारण बाहिरका मानिसका लागि यो जरुरी छ कि फ्रान्समा आएर यहाँको संस्कृतिमा आफूलाई बदल्नुपर्दछ ।'











## अमेरिका

अमेरिका आधुनिकता तथा मनोरञ्जनको सवालमा ज्यादै प्रभावशाली रहेको छ । यहाँको फिल्म, संगीत तथा टिभी कार्यक्रम विश्वमै प्रख्यात हुने गरेको छ । विश्वका अन्य देशले पनि यस क्षेत्रमा काम नगरेका भने होइनन् । तर, अमेरिकाले यस क्षेत्रमा नयाँ उचाइ बनाएको छ । जस्तै, रिएलिटी टिभीको सुरुआत बेलायतबाट सुरु भएको थियो । तर, यसलाई विश्वभर लोकप्रिय बनाउने काम अमेरिकाले गर्‍यो । यो देश विकसित टेक्नोलोजीका लागि प्रख्यात छ । फेसबुक, ट्विटर, गुगल तथा एमेजन जस्ता ठूला प्रख्यात साइडहरू यसै देशले दिएको छ । यसलाई विश्वका करौडौं मानिस दिनहुँ प्रयोग गर्दछन् । विश्वमा प्रभावशाली बनाउनमा यहाँका मानिसको पनि उत्तिकै हात रहेको छ । यहाँका मानिस 'सम्भावनाको शक्ति' तथा ठूलो सपना देख्ने र त्यसलाई पूरा गर्नका लागि आफूलाई त्यसैमा समर्पित गर्नुपर्छ भन्ने कुरामा विश्वास राख्दछन् ।

युनभर्सिटी अफ फ्लोरिडाको टेली कम्युनिकेसन विभागका प्रोफेसर तथ ग्रेजुयट सोसल मिडिया पोग्रामका निर्देशक यन्ड्रयु सलेपकको भनाइअनुसार 'हामी अहिले पनि सपनामा विश्वास गर्छौं । यो सपना पूरा गर्न अमेरिकाजस्तो देशका लागि सम्भव छ ।

न्युयोर्क यस देशको सबैभन्दा ठूलो सहर हो । जहाँ सबै कुरामा ज्यूँदो-जाग्दो उदाहरण छ । फैंक सिनेट्राको अनुसार, 'यदि मैले यस सहरमा ठाउँ बनाउन सकैं भने जुनसुकै वेला पनि आफ्नो छाप छोड्न सक्छु ।' कहिल्यै नसुत्ने सहरको रूपमा पनि यस सहरलाई लिइन्छ । यसको अर्को छेउमा छ लस एन्जलेसमा बसेको हलिउड । यसले अमेरिकी संस्कृतिको एक आकार दिएको छ । सलेपक भन्छन्, 'अमेरिकी टिभी सो तथा फिल्मले हाम्रो बोलचालको तरिका तथा लगाइमा पनि छाप छोडेको छ ।' न्युयोर्क र लस एन्जलेसको बिचमा समुद्र, मरुभूमि, खेत तथा पहाडको ठूलो भौगालिक दूरी रहेको छ ।

एक सर्वेअनुसार तीन सय मिलियन अमेरिकीलाई आफ्नो देशको विविधतामाथि गर्व रहको छ । बोस्टनवासी तथा 'द रनिङ पब्लिसिस्ट' मा ब्लग लेखक जोन सालास भन्छन्, 'हाम्रो पारम्परिक पृष्ठभूमिअनुसार हामी सबैको अलगअलग सांस्कृतिक मूल्य र मान्यता रहेको छ ।'

उनी भन्छन, तपाईं कस्तो व्यक्ति हुनुहुन्छ, अनि तपाईंको मन पर्ने र नपर्ने के हो । यसको आधारमा तपाईंलाई अमेरिकाको फरकफरक सहरमा फरकफरक तरिकाको अनुभव लिन सक्नुहुन्छ । कुनै पनि सहर एकअर्काका परिपूरक छैनन् । सबैको आफ्नै इतिहास रहेको छ, त्यहाँका मानिसका आफ्नै विशेषता रहको छ । यदि तपाईंलाई कुनै सहर मन परेन भने अर्को मन पर्ने सहरमा जान सक्नुहुन्छ ।'

## स्पेन

कुनै समयमा विश्वको सबैभन्दा ठूलो विजेताको साम्राज्य रहेको स्पेनले दक्षिणी अमेरिकादेखि दक्षिण तथा दक्षिण-पूर्वी एसियासम्म आफ्नो छाप छोड्न सफल भएको थियो । विश्वमा सबैभन्दा बढी बोलिने भाषा चिनियाँ हो भने दोस्रोमा स्पेनिस पर्दछ । यसमा स्पेनको मूल भाषा, फिल्म, टिभी सो, संगीत आदिको ठूलो योगदान रहेको छ । गेलिसियाका इन्मा ग्रिगोरियोले 'ए वर्ल्ड टु टेबल' नामक एक ब्लगमा लेख्छन्, 'म जहाँ पनि जान्छु त्यहाँ मलाई आफ्नो देशको केही न केही छाप परेको देखेको छु ।

यसमा स्पेनिस भाषादेखि लिएर धर्म, खानपान, संस्कृतिलगायत धेरै कुरा पर्दछन् ।' स्पेनको खानपान विश्वभर प्रख्यात छ । बार्सिलोनामा बस्ने तथा 'बार्सिलोना इट लोकल कुलिनरी एक्सपिरियन्स' नामक बेवसाइटका संस्थापक एन्ड्रे एरियाज भन्छन्, 'स्पेनिसहरू खानपानका लागि शौखिन छन् । उनीहरूको खानाको मतलब हुन्छ, मिलजुल गरेर खानखानु चाहे साथीसँग होस् या अन्जानकोही । कोहीसँग पनि घुलमिल हुनु यस देशका मानिसको विशेषता हो । यहाँका मानिस परिवार तथा साथीका साथमा समय बिताउने काममा धेरै महत्व दिन्छन् ।

ग्रिगोरियो भन्छन्, 'हामी खाली बाँच्नका लागि काम गर्छौं, कामका लागि हामी बाँच्दैनौं । अन्य देशबाट आएका मानिसका लागि यो सजिलो छैन । उनीहरूले आरामसँग दिन काट्नुपर्छ र अबेरराती खाना खाने बानी बसाल्नुपर्छ । तर, यसमा केही हैरानी लिनुपर्दछ । किनकि, स्पेनका मानिस बाहिरबाट आएका मानिसलाई सक्दो मद्दत गर्दछन् ।'

## बेलायत

बेलायतका नागरिकलाई आफ्नो काम, संस्कृति, रचनात्मक तथा नयाँ आविष्कार गर्ने सामर्थ्यमा धेरै गर्व गर्दछन् । लन्डनवासी लेखक अयान हकिन्स भन्छन्, 'हाम्रो विश्वविद्यालय विश्वको सर्वश्रेष्ठ विश्वविद्यालयमा गनिन्छ । हामीले यो भुल्नु हुँदैन कि मेसिनको कोड, कम्प्युटर तथा वर्ल्ड वाइड वेबजस्ता आविष्कारमा ब्रिटिनको ठूलो देन रहेको छ ।'

अंग्रेजी भाषाको प्रभाव तथा नरमदायी व्यवहारले बेलायतमा मानिस आफ्नो भविष्य बनाउन आउँछन् । हकिन्स भन्छन्, 'हाम्रो भाषा अन्य भाषाका शब्दलाई लिएर ज्यादै समृद्ध भएको छ । यसकारण मानिस अंग्रेजी भाषा सजिलैसँग सिक्ने गर्दछन् । ११ साल पहिले मेरो साथी केबल सात सय पाउन्ड लिएर भेनेजुएलाबाट लन्डन आएको थियो ।

उसलाई अंग्रेजी पनि आउँदैनथ्यो । अहिले ऊ एक प्रख्यात बिजनेस कन्सल्टेन्ट भएको छ । ३० भन्दा बढी पसल तथा रेस्टुराँ चलाउँछ ।' कोही पनि बेलायतमा आएर यहाँ आफूलाई ढालेर चाहेजति समय बेलायती बन्न सक्दछ ।' तर, बाहिरबाट आएका मानिसले यो कुरालाई विचार पुर्‍याउनुपर्छ कि बेलायती यो भन्दैनन् जसको असली मतलब निस्कछ ।

त्यसकारण उनीहरूको कुराको जडसम्म नगई उनीहरूले भनेको कुरा बुझिँदैन । 'द बुटिक एडभेन्चर' नामक ब्लगमा लेख्ने अस्ट्रेलियाली मूल की अमेन्डा ओ ब्राइन भन्छिन्, 'भाषा र भावभंगीमा को रफ्तार समात्नु धरै जुरुरी हुन्छ । मलाई थाहा थिएन कि 'आइ याम नट स्योर' को अर्थ पायः 'मलाई थाहा छैन' हुन्छ ।'

हकिन्सको भनाइ रहेको छ कि, 'बेलायतका मानिस प्रायःजसो जे भन्छन् त्यसको अर्थ त्यसको उल्टो हुन्छ । यो भाषा धेरै टुक्का, दोहोरो अर्थ लाग्ने शब्द तथा संकेतले भरिएको छ ।' व्यापार तथा आर्थिक केन्द्र भएका कारण बाहिरबाट आउने कामदारका लागि लन्डन पहिलो नम्बरमा आउँछ । तर, यस सहरमा घर किन्न भने सजिलो छैन । यहाँ म्युजियम, कन्सर्ट गर्ने ठाउँ तथा थिएटरको संख्या अत्यधिक रहेको छ । मेमुअल जोन्सनले एकचोटी भनेका छन्, 'यदि तपाईंलाई लन्डनदेखि दिक्क लागेको छ भने जिन्दगीबाट नै दिक्क लागेको छ ।'

यस कुरामा हकिन्स पनि सहमत छन् किनकी लन्डनमा यति धेरै आकर्षण छन् कि तपाईं प्रत्येक शनिबार र आइतबार केही न केही नयाँ अनुभव गर्न सक्नुहुनेछ । लन्डन मनोरञ्जनले भरिएको एक ठूलो सांस्कृतिक सहर हो तर, सांस्कृतिक प्रभावको दृष्टिले एडिनबरा पनि यसभन्दा कम छैन । यो सहरमा कलाको ठूलो फेस्टिबल लाग्दछ । एडिनबरा हेरी पोर्टरको जन्मभूमि हो ।

बेलायतको बर्मिंघम सहर पनि कुनै कुरामा पछि छैन । हकिन्स भन्छन्, 'बर्मिंघममा सबै शानदार छन्, क्लबदेखि लिएर आर्केस्टासम्म । विशेषगरी, यहाँ भेनिसको भन्दा बढी नहर तथा ज्वेलरी क्वार्टरजस्ता स्थान छन् जहाँ अत्याधुनिक फेसन तथा परम्पराको अद्‌भूत मेल देख्न सकिन्छ ।

(बीबीसीको सहयोगमा)

# चीनको नयाँ विदेश नीति

चीनले जुलाइदेखि नयाँ विदेश नीति लागु गरेको छ । पश्चिमाको एकपक्षीय प्रतिबन्धविरूद्ध जुध्न तथा नयाँ सामरिक चुनौती सामानाका लागि भन्दै चीनले संसदबाट नयाँ विदेश नीति पारित गरेको हो ।

चीनका उच्च तहका कुटनीतिज्ञ वाङ यीले नयाँ विदेश नीतिबारे भनेका छन्, 'यो विदेश नीति पार्टीको नेतृत्व र समितिलाई विदेश मामिलामा सुदृढ बनाउने महत्वपूर्ण दस्तावेज हो ।'

चीनको संसद नेशनल पिपल्स अफ कंग्रेसले डिसेम्बर २०२२ मा नयाँ विदेश नीतिको मस्यौदा तयार गरेको थियो । उक्त मस्यौदामाथि विधायिकी मामिला आयोग, चिनियाँ कम्युनिस्ट पार्टीको स्थायी कमिटी, पार्टीको सल्लाहकार कमिटी र विज्ञमाझ छलफल गराएर पारित गरिएको हो ।

नयाँ विदेश नीतिका ६ भाग रहेका छन् । ग्लोबल टाइम्सका अनुसार पहिलोमा चिनियाँ विदेश नीतिको आधारभूत सिद्धान्त छ । दोस्रोमा कुटनीतिक सम्बन्धका लागि विशेष प्रावधानहरू समावेश छन् । तेस्रो भागमा कुटनीतिक सम्बन्ध विकासका उद्देश्य र कार्यहरू समावेश छन् । चौथो भागमा विदेश नीति सम्बन्धमा कानुनी प्रावधान छन् । पाचौंमा वैदेशिक सम्बन्ध विस्तारमा क्षमता विस्तारको प्रावधान छ । छैठौंमा निष्कर्ष खण्ड रहेको छ ।

चिनियाँ नीतिका जानकारहरूका अनुसार यो नीतिमार्फत चीनले विदेश मामिला व्यवस्थापनको अन्तर्राष्ट्रिय विषय समेटेर राष्ट्रिय कानुन पनि संशोधन गरेको छ । यो नीतिमा विश्व व्यवस्थामा आएका नयाँ बहस र पहललाई पनि समावेश गरिएको छ भने चीनले यही नीतिमार्फत मुलुक र जनताको रक्षाको क्षमता विकास गर्ने प्रतिवद्धता पनि व्यक्त गरेको विज्ञहरूको मत छ ।

गत अक्टोबरमा चिनियाँ कम्युनिस्ट पार्टीको महाधिवेशनमा नयाँ परिस्थितिमा नयाँ विदेश नीतिको आवश्यकताबारे बहस भएको थियो । विद्यमान विदेश नीतिमा केही कमजोरी रहेको र चीनमाथि बाह्य घेराबन्दी बढेकाले त्यसलाई चिर्न नयाँ नीति अघि सारेको प्राध्यापक ह्यु जेन्फिङ बताउँछन् । 'हालैका वर्षमा बदलिँदो विश्व व्यवस्थामा चीनले नयाँ चुनौतीको सामना गरिरहेको छ । विद्यमान विदेश नीतिमा केही कमजोरी विस्तारै पटाक्षेप भएसँगै चीनले नयाँ विदेश नीति बनाएको हो', उनले भने ।

चीनको आन्तरिक मामिलामा पश्चिमाहरूको हस्तक्षेप बढ्न थालेकाले पनि त्यसको सामनाका लागि नयाँ नीति अघि सारेको ह्युको भनाइ छ । 'चीनको आन्तरिक मामिलामा पश्चिमा हस्तक्षेप बढिरहेको समयमा त्यसलाई चिर्नका निम्ति चीनसँग प्रभावकारी संयन्त्र नभएको अवस्थामा उसले नयाँ नीति ल्याएको हो', उनले भने ।

यस्तै चीनको राष्ट्रिय स्वाधीनताको रक्षा, सामरिक तथा विकासका स्वार्थको रक्षाका लागि पनि कानुन नभएकाले चीनले यसको आवश्यकता महसुस गरेको विज्ञहरूको भनाइ छ । यस्तै पश्चिमाहरूले विभिन्न प्रतिबन्ध लगाउँदा पनि अन्तर्राष्ट्रिय कानुन अनुसार कुनै समाधान नभएपछि चीनले आफ्नो घरेलु नीतिनै सुधार गरेको विज्ञहरूको बुझाइ छ । विदेश नीतिको प्रस्तावनाले पनि चिनियाँ स्वार्थ र चासोको रक्षाका निम्ति नीति बनाइएको उल्लेख छ ।

जसमा भनिएको छ, 'अन्तर्राष्ट्रिय कानुनका आधारभूत सिद्धान्त र विदेश सम्बन्धलाई नियन्त्रित गर्ने आधारभूत मान्यताको पालना गर्ने आधारमा, मुलुकले विदेश मामिलाका क्षेत्रमा कानुन र नियम कार्यान्वयन तथा प्रयोगलाई सबल बनाउनेछ । चीनको सार्वभौमसत्ता, सुरक्षा र विकाससम्बन्धी हितको रक्षाका साथै चिनियाँ नागरिक र संस्थाहरूको वैध अधिकार तथा हितको रक्षाका खातिर यस नीतिको कार्यान्वयन हुनेछ ।'



अन्तर्राष्ट्रिय कानुन मिचेर चीनको सार्वभौमसत्ता तथा सुरक्षामा चुनौती कसैले दिएमा नयाँ नीति अनुसार चीनले जवाफी कारबाही गर्ने उल्लेख छ । 'चीनले पहिलोपटक विदेश नीतिमा चिनियाँ कानुनको प्रयोग र उद्देश्यबारे जानकारी दिएको छ । यो नीतिले विदेशी मुलुक वा संस्थाहरूप्रति प्रतिबन्ध वा प्रतिबन्धात्मक उपायका सिद्धान्त तय गरेको छ', प्राध्यापक ह्वाङ हुकाङले भने ।

यो नीतिले बाह्य क्षेत्रमा पनि चिनियाँ कानुन पालनाका लागि आधारभूत कानुनी प्रणालीको संयन्त्रको विकास गर्न खोजेको हुकाङले बताए ।

विदेश मामिलामा बाह्य क्षेत्रमा घरेलु कानुनको अंश लागु हुनुलाई महत्वपूर्ण मानिन्छ । चीनको यस नीतिले विश्वव्यापी साझेदारीको प्रवर्द्धन र शक्तिराष्ट्रबीच सहकार्य र सकारात्मक सम्बन्ध स्थापनाको लक्ष्य राखेको छ ।

वर्तमान अवस्थामा अन्य मुलुकमाथि विविध विषयमा धेरै प्रतिबन्ध लगाउने राष्ट्र अमेरिका हो । सन् २०२१ यताको अमेरिकी तथ्यांक हेर्दा प्रतिबन्धको संख्या ९ हजार ४०० माथि छ । चीनमाथि पनि उसले विभिन्न विषयमा प्रतिबन्ध लगाएको छ । वर्तमान नीति सम्भावित प्रतिबन्ध तथा हस्तक्षेप चिर्दै चीनमाथि देखापर्ने चुनौती सामनाका लागि भएको चिनियाँ सरकारको जिकिर छ ।

चीनको नयाँ विदेश नीतिले विश्वव्यापी रूपमा चिनियाँ स्वार्थको प्रवर्द्धन र चीनको चुनौती सामनाका लागि राष्ट्रपति सीलाई अथाह शक्ति दिएको मतहरू पनि आएका छन् ।

नयाँ नीतिले चीनमाथि चुनौती थप्नेको प्रतिवाद गर्ने उल्लेख छ, यद्यपि कस्तो अवस्थामा प्रतिवाद हुने भन्ने विषय स्पस्ट नरहेको विज्ञहरू बताउँछन् । कानुन तथा राजनीति शास्त्रका अमेरिकी प्राध्यापक ज्याकुज डेलेसी भन्छन्, 'नयाँ विदेश नीतिमा धेरै बयानबाजी मात्रै छ । तर यसले अमेरिकाविरूद्ध बलियो र दृढ नीति अघि सारेको छ ।'

यस्तै चीन मामिलाका जानकार चोङ झायिङ बेइजिङले नयाँ विदेश नीतिमार्फत दबाबलाई कायम राखेको बताउँछन् । 'आफ्नो स्वार्थको रक्षाका निम्ति बेइजिङले सहकार्य र आर्थिक लाभका सवालमात्रै होइन अब दबाबको नीति पनि अघि सार्ने भएको छ', उनले भने ।

*(अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूको सहयोगमा)*

प्रेरक

## खसी र गाईको संवाद



एउटा ठूलो खर्क थियो । त्यहाँ केही गोठालाले आआफ्ना गाईवस्तु चराउन लगेका थिए । गाईवस्तु खर्कमा चर्न व्यस्त थिए । गोठालाहरू आपसमा रमाइलो गर्दै थिए । चौरमा चरिरहेका पशुचौपायामा केही गाई, गोरू र खसीबोका थिए ।

चौरमा चरिरहेको एउटा गाईको नजिकै खसी पनि चरिरहेको थियो । गाईलाई नजिकै देखेपछि खसीले अनकनाउँदै गाईसित गुनासो गऱ्यो । गौमाता, हामी दुवैले मान्छेलाई केही न केही दिन्छौँ । तर, तपाईंले भन्दा त मैले नै बढी दिन्छु । किनकि, तपाईं मान्छेलाई थोरै दूध मात्र दिनुहुन्छ । तर, म त आफ्नो जीवन नै दिन्छु । मेरो पूरै शरीर काटेर मान्छेहरू स्वाद लिई-लिई खान्छन् । तैपनि, उनीहरू मलाई पूजा या सम्मान गर्नुको साटो मौका मिल्दा लात्ताले समेत हिर्काउँछन् । तर, तपाईंलाई भने उनीहरू 'गौमाता' भन्दै पूजा गर्छन्, ढोग्छन्, सम्मान गर्छन् । मिठो-मिठो खान दिन्छन् । विशेष स्याहारसुसार गर्छन् । यस्तो भेदभाव किन हुन्छ गौमाता ?

खसीको गुनासो सुनेपछि गाईले यसो टाउको उचालेर खसीतिर पुलुक्क हेऱ्यो र केहीबेर सोचेर भन्यो– कुरा त तिमीले ठिकै गरेका हौ, खसी भाइ ! म थोरै दूध दिन्छु र तिमी पूरै शरीर नै दिन्छौ । तर, हामी दुईको दिनुमा ठुलो अन्तर छ । म जे दिन्छु, जति दिन्छु, त्यो आफू जिउँदो छँदै दिन्छु । तर, तिमी भने पूरै शरीर दिए पनि जिउँदो छँदै होइन, मरेपछि मात्र दिन्छौ । त्यसैले, आफूले अरूलाई जे दिनु छ, जिउँदो छँदै दिन सक्नुपर्छ । मरेपछि केही दिनुको अर्थ छैन ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । परिवारजनको साथले उत्साह जगाउनेछ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । व्यापार र पेसाबाट प्रशस्त लाभ हुनेछ । आफन्तसँग सुमधुर सम्बन्धका लागि व्यवहारमा ध्यान पुर्‍याउनुहोला । लोकाचारका पछि लाग्दा अरूले फाइदा उठाउन सक्छन् ।

### वृष

काममा केही चुनौतीहरू देखिनेछन् र सोचेको फाइदा उठाउन मुस्किल पर्नेछ । वैधानिक प्रावधानले पनि लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ । प्रतिस्पर्धी बढ्नाले अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ । चिताएका काममा बाधा पुर्‍याउनेहरू प्रशस्तै हुनेछन् । केही अप्ठ्यारो परिस्थिति सामना गर्नुपर्ला । फजुल खर्चका साथै ठगीमा परिने योग भएकाले होसियार रहनुहोला । व्यापार व्यवशायबाट फाइदा हुनेछ । मनमा रिस बढ्ने भएकाले नियन्त्रणमा राख्न सके राम्रो हुन्छ ।

### मिथुन

प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ । स्वास्थ्य सबल रहनेछ । प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन् । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । पशुपालन तथा कृषि क्षेत्रबाट पनि राम्रो लाभ मिल्नेछ । सन्तान वा अनुयायीले साथ दिनेछन् ।

### कर्कट

नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउनेछ । बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्न सक्छ । निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले सजग रहनुपर्ला । निर्णय लिन केही अलमल भए पनि पछि लाभ हुने काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । महत्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला । मनमा चिन्ताले डेरा जमाउनेछ ।

### सिंह

आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् । परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ । सहयोगीहरूले बीचैमा हात झिक्न सक्छन् । मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ । उपलब्धिका लागि दोहोर्‍याएर काम गर्नुपर्ला । काम पूर्ण नभए पनि मिहिनेतले आंशिक लाभ दिलाउनेछ । आर्थिक लेनदेनमा अलि होसियार रहनुहोला ।

### कन्या

अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । तर आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ । अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ । शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला । बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयन गर्न सकिनेछ ।

### तुला

चिताएको काम रोकिए पनि रमाइलो जमघटमा सहभागी बन्ने अवसर आउला । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले नयाँ काममा हौसला जगाउनेछ । तर आगन्तुकहरूले अलमल्याउने हुँदा काममा बाधा पुग्नेछ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । महत्वाकांक्षी योजना बिग्रन सक्छ ।

### वृश्चिक

पछिका लागि केही वस्तु त्याग्नुपर्ला । दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ । अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ । टाढाका साथीभाइले काममा साथ दिनेछन् । तर, खर्च बढ्नेछ भने समयमा आलस्य गर्ने बानीले पछि परिनेछ । लगानी बढाउने अवसर प्राप्त हुनेछ । अधुरा काम पूरा हुने र नयाँ काम पाउने सम्भावना प्रबल छ । चिन्ता धेरै लिने गर्नाले शारीरिक समस्या आउन सक्छ ।

### धनु

दिन निकै लाभदायक रहनेछ । प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । श्रमको उचित मूल्यांकन हुनेछ । सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ । दिगो काम सुरु हुनेछ र छोटो समयमै उपलब्धि हातलागी हुनेछ ।

### मकर

आँटले काम लिन नसक्दा केही पछि परिनेछ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन् भने अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । सानातिना काममै अल्झनुपर्नेछ । कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न समय लाग्नेछ । दीर्घकालीन योजना बनाएर काम प्रारम्भ गर्ने बेला छ ।

### कुम्भ

मेहनत गर्दा भाग्योन्नतिको समय छ । सानो प्रयत्नले दिगो लाभ हुने काम सम्पादन हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । शुभचिन्तकहरूले साथ दिनाले कर्मयोग बलियो रहनेछ । अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ । लगनशीलताले लक्ष्यमा पुर्‍याउनेछ । पदीय जिम्मेवारीसमेत प्राप्त हुन सक्छ । धेरैले आफ्ना कामको तारिफ गर्नेछन् ।

### मीन

परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ । अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ । चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपरे पनि मिहिनेतले लक्ष्यमा पुर्‍याउनेछ । शुभचिन्तक र प्रतिस्पर्धीलाई समेटेर काम लिनुपर्ला । योजना पूर्ण नभए पनि आंशिक लाभ हुनेछ । काममा समय लागे पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ । स्वदेशभन्दा विदेशमै बस्दा फाइदा हुनेछ । वैवाहिक जीवन सफल हुनेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Assiduous = मेहनतपूर्ण It took him years of assiduous labor to complete his research अनुसन्धान पूरा गर्न उसलाई वर्षौंको मेहनत लाग्यो ।

Brazen = खस्रो र घोच्ने खालको, तिखो (Insolent or extremely rude) He was punished for the brazen contempt of the court अदालतको तिखो अनादर गरेकोमा उस्लाई दण्डित गरियो ।

Cynical = सबै खाली स्वार्थवस काम गर्दछन भन्ने सोचाइ People in Nepal are very cynical about democracy because it brought rampant corruption everywhere नेपालीहरू प्रजातन्त्र लाई स्वार्थीहरूको चलखेल मान्दछन किनकी प्रजातन्त्रले भ्रष्टाचारबाहेक उनीहरूलाई केही पनि दिएन ।

Dissolution = भंग गर्नु After years of working together, they declared the dissolution of their partnership वर्षौंसम्म संगसंगै काम गरिसकेपछि तिनीहरूले आफ्नो साझेदारी भंगगर्ने निर्णय गरे ।

Extricate = मुक्त गर्नु, Finally he extricated himself from his unsuccessful love affairs अन्त्यमा आएर उसले आफूलाई असफल प्रेमको चंगुलबाट मुक्त गऱ्यो ।

Frieze = सज्जापूर्ण कलाको लागि भित्तामा छुट्टाइएको ठाउँ Mostly the frieze of the church and temple are adorned with sculpture मन्दिर वा चर्चमा कलाको लागि छुट्टाइएका भित्ताहरू विशेष गरी मुर्तिहरूद्वारा सजाइएको हुन्छ ।

Gratuitous = अनावश्यक किसिमले गरिएको For the gratuitous insult made by his colleagues, he boycotted the meeting सहकर्मीहरूले अनावश्यक किसिमबाट गरिएको बेइज्जतीको कारण उस्ले वैठक बहिष्कार गऱ्यो ।

Hindmost = सबैभन्दा पछाडिको Normally the weak students prefer the hindmost bench for they scare of the teacher's question साधारणतया कमजोर विद्यार्थीहरू गुरुले प्रश्न सोध्लाकि भन्ने डरले सबैभन्दा पछाडिको वेञ्चमा वस्दछन ।

Hypocrisy = आफू व्यवहारमा जे होइन त्यै हो भनेर छकाउन खोज्ने प्रवृत्ति (पाखण्डपन) By nature he is feudal but his attempt to be social is nothing but hypocrisy स्वभावैले सामन्त हुंदा हुंदै पनि सामाजिक बन्ने उसको प्रयत्न अरूलाई छकाउन खोज्नु (पाखण्डपन) मात्रै हो )

Insinuate = घुमाउरो पाराले इंगित गर्नु He says that he looks robust but in reality he means to insinuate that he is getting fat ऊ मोटो भएर भद्दा देखिए भन्नु भन्दा घुमाउरो पाराले सधैं दरिलो देखिन्छु भन्छ ।

## Drink बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Drink something = केही कुरा पिउनु She does not drink water while eating खाना खाइरहदा उनी पानी पिउदिनन ।

Drink something…… . in = मा पिउनु He drank a glass of beer in one go एकै घुटकामा उसले पुरै ग्लास वियर पियो ।

Drink in something = चुर्लुम्म डुब्नु They spent hours by drinking in the beauty of nature प्राकृतिक सौन्दर्यमा चुर्लुम्म डुब्दै तिनीहरूले घण्टौ बिताए ।

Drink at = मा पिउनु Normally the cattles drink easily at a trough पशुहरू सामान्यतया बगिरहेको अवस्थामा सजिलै पिउँछन् ।

Drink like a fish = अति पिउनु He drinks like a fish when he is alone एक्लो हुँदा उ अति पिउँछ ।

Drink down = स्वाट्टै पार्नु He never drinks down rather enjoys drinking slowly उ कहिल्यै स्वाट्टै पार्दैन वरु विस्तार विस्तार मज्जा लिएर पिउँछ ।

Drink something to wish somebody = कामना गर्नु I just drink some drops to wish you all the best तिम्रो प्रगतिको कामना गर्नको लागि मात्रै म कहि थोपा पिउँछु ।

Drink up = पिएर सिध्याउनु The restaurant closes at 10 O'clock so you have to drink up before रेष्टोरां १० बजे बन्द हुन्छ त्यसैले तिमीहरूले त्यस अघिनै पिएर सक्नुपर्छ ।

### सुडोकु–अंक ३१२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ४ | ६ | | ८ | ३ | | |
| | | | ५ | | १ | | | |
| ३ | | ८ | | | | २ | | ६ |
| | ५ | | | ७ | | | ९ | |
| | | ६ | | | | ४ | | |
| | ४ | | | ८ | | | २ | |
| ६ | | ७ | | | | ८ | | २ |
| | | | ७ | | २ | | | |
| | | १ | ८ | | ३ | ७ | | |

### अंक ३११ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | २ | ९ | १ | ४ | ३ | ५ | ८ | ६ |
| ४ | १ | ३ | ५ | ८ | ६ | ९ | २ | ७ |
| ५ | ८ | ६ | २ | ७ | ९ | १ | ४ | ३ |
| ९ | ६ | २ | ८ | ५ | ७ | ४ | ३ | १ |
| १ | ७ | ८ | ४ | ३ | २ | ६ | ५ | ९ |
| ३ | ५ | ४ | ९ | ६ | १ | २ | ७ | ८ |
| २ | ४ | १ | ३ | ९ | ८ | ७ | ६ | ५ |
| ८ | ९ | ७ | ६ | २ | ५ | ३ | १ | ४ |
| ६ | ३ | ५ | ७ | १ | ४ | ८ | ९ | २ |

## प्रधान र आचार्यलाई हेमबहादुर मल्ल सम्मान

काठमाडौं । प्रशासन र व्यवस्थापनका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने दुई जनालाई 'हेमबहादुर मल्ल सम्मान २०७७-०७८' प्रदान गरिएको छ।

नेपाल जनप्रशासन संघको आयोजना र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको सहयोगमा बुधबार काठमाडौंमा 'हेमबहादुर मल्ल सम्मान २०७७' गोरक्षबहादुर नहुच्छे प्रधानलाई र हेमबहादुर मल्ल सम्मान २०७८ भानुप्रसाद आचार्यलाई प्रदान गरिएको छ। उपराष्ट्रपति रामसहाय यादवले सम्मान पत्र प्रदान गरेका हुन्।

साल्ट ट्रेडिङ कर्पोरेसनका पूर्व अध्यक्ष एवं कुशल व्यवस्थापक स्व. हेमबहादुर मल्लको स्मृतिमा यो सम्मान प्रदान गरिँदै आएको छ। दुई जनालाई सम्मान पत्र र दुई लाख रूपैयाँसहितको सम्मान प्रदान गरिएको छ।

हेमबहादुर मल्ल सम्मानबाट यसअघि केदारभक्त माथेमा, चाँदनी जोशी, डा.भगवान कोइराला, डा. विमल कोइराला, महावीर पुन, भोजराज पोखरेल, दमननाथ ढुङ्गाना, डा. सुरेशराज शर्मा, खिलराज रेग्मी, उमेश मैनाली, दामोदर गौतम, डा. देवेन्द्रराज पाण्डे, कुलमान घिसिङ, डा. सन्दुक रुइत, डा. गौरीशंकर लाल दास र सूर्यनाथ उपाध्याय सम्मानित भइसकेका छन्।

## डा. बरालको "वन, समुदाय र म" लोकार्पण




काठमाडौं । पूर्व सहसचिव तथा वनविज्ञ डा. जगदीशचन्द्र बरालको 'वन, समुदाय र म' पुस्तक लोकार्पण भएको छ । काठमाडौंमा आयोजित एक कार्यक्रममा काठमाडौं विश्वविद्यालयका संस्थापक उपकुलपति प्रा.डा. सुरेशराज शर्मा र वरिष्ठ पत्रकार भैरव रिसालले संयुक्त रुपमा पुस्तकको लोकार्पण गरे ।

नेपाल सरकारको वन सेवामा लामो समय काम गरेका र सामुदायिक वनका क्षेत्रमा अग्रणी भूमिका निर्वाह गरेका डा. बरालले वन संरक्षणका क्षेत्रमा समुदायसँग मिलेर गरेका पहलका बारेमा पुस्तकमा उल्लेख गरेको आईयुसिएनका पूर्व देशीय निर्देशक डा. यम मल्लले बताए ।

वनका हाकिमले हाकिमी शैली नदेखाई काम गर्दा कसरी वन संरक्षणमा उपलब्धी हासिल गर्न सकिन्छ भन्ने विषय पुस्तकमा उल्लेख भएको मल्लको भनाइ छ । 'वनलाई राष्ट्रियकरण गर्ने गलत सरकारी नीतिका कारण वन विनाश भएको थियो । तर, जब वन व्यवस्थापन र संरक्षणको जिम्मा समुदायलाई दिइयो, सामुदायिक वनले वन क्षेत्र वृद्धि हुँदै गयो', उनले भने, 'मुलुकमा सामुदायिक वन कार्यक्रम कार्यान्वयन गर्न लेखकले सशक्त सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको हो, जुन पुस्तकमा पढ्न पाइन्छ ।'

हिमाल, पहाड र तराईमा फरक फरक तरिकाले वन व्यवस्थापन गर्नुपर्छ भन्ने कुरामा पनि पुस्तक पढेपछि स्पष्ट हुने उनले बताए । सरकारी सेवामा रहँदा केकस्तो आरोह अवरोहको सामना गर्नुपर्छ भन्ने कुरा उल्लख गरेको मल्लले बताए ।

नेपाल सरकारका पूर्वसचिव द्वारिकानाथ ढुंगेलले सामुदायिक वनकै क्षेत्रमा पीएचडी गरेका डा. बरालले लेखेको पुस्तक वनजंगल र जनावरका बारेमा रुचि राख्ने पाठकलाई उपयोगी हुने बताए । उनले सामुदायिक वनको सबल र दुर्बल पक्षबारे छुट्टै प्रकाशन गर्नुपर्ने बताए ।

बागमती प्रदेशकी उपसभामुख तथा सामुदायिक वन राष्ट्रिय महासंघकी पूर्वअध्यक्ष अप्सरा चापागाईंले नेपालमा सामुदायिक वनको शुरुआत कसरी भयो भन्ने विषयमा बरालले पुस्तकमा उल्लेख गरेको बताइन् । 'वन विज्ञ भरत पोखरेलले बराललाई 'वनका च्याम्पियन' भनेका छन्, वास्तवमा त्यो सही हो,' उनले भनिन् । काठमाडौं विश्वविद्यालयका पूर्व उपकुलपति प्रा.डा. शर्माले यो सबै नेपालीले पढ्नुपर्ने पुस्तक रहेको बताए ।

वरिष्ठ पत्रकार भैरव रिसालले पुस्तक लेखेर जगदीशचन्द्र बराल अमर भएको बताए । 'मान्छेको नाम अक्षरमा कुँदिएपछि अमर भइन्छ भनिन्छ, उहाँले पनि यति महत्वपूर्ण पुस्तक लेखेर आफ्नो नाम अक्षरमा कुँदाउनुभयो, त्यसैले उहाँ अमर हुनुभयो,' उनले भने ।

## गौतमका २ कृति सार्वजनिक



काठमाडौं । युवा साहित्यकार अनल गौतमले एकैसाथ दुई पुस्तक सार्वजनिक गरेका छन् । शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा साहित्यकार गौतमको उपन्यास 'बार्दली' र कथा संग्रह 'दाहिने हाते सिक्का र साइकल'को लोकार्पण गरियो ।

वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, कवि तथा साहित्यकार डा. रामप्रसाद ज्ञवाली, सञ्चारकर्मी महेश राणा लगायतले पुस्तक विमोचन गरे । लोकार्पण समारोहमा लेखक गौतमलाई बधाई दिंदै कलाकार श्रेष्ठले गौतमका उपन्यास तथा कथा संग्रह निकै नै रोचक र समयसामयिक लागेको बताए ।

कथा संग्रह 'दाहिने हाते सिक्का र साइकल'को समीक्षात्मक टिप्पणी गर्दै सञ्चारकर्मी राणाले संग्रहमा समावेश ११ वटा कथामध्ये कुनै न कुनै एक कथाले पाठकको मन अवश्य छुने बताए । समालोचक डा. रामप्रसाद ज्ञवालीले 'बार्दली' उपन्यासको समालोचना गर्दै लेखक गौतमको सरल शैलीमा भावना व्यक्त गर्न शैलीको प्रशंसा गरे । उपन्यासले प्रेमको नयाँ परिभाषा व्यक्त गरेको भन्दै उनले उपन्यासले नयाँ पुस्तालाई केही सन्देश दिने बताए । कार्यक्रममा बोल्दै लेखक गौतमले पुस्तक लेख्न भन्दा सार्वजनिक गर्न कठिन भएको अनुभव सुनाए ।

## "शून्यको मूल्य"लाई उत्तम-शान्ति पुरस्कार


सुर्खेत । डा. नवराज केसीद्वारा लिखित कर्णालीका आमाहरूको संघर्षमा आधारित कृति 'शून्यको मूल्य' लाई यस वर्षको उत्तम-शान्ति पुरस्कार प्रदान गरिएको छ । २०७९ सालभर प्रकाशित कृति मध्येबाट 'शून्यको मूल्य'लाई उत्तम-शान्ति पुरस्कार प्रदान गरिएको बताइएको छ । पुरस्कारको राशि १ लाख रुपैयाँ तथा सम्मानपत्र रहेको छ । उत्तम कुँवर स्मारक पुरस्कार गुठीमा प्राप्त गैरआख्यानका साहित्यिक कृतिमध्येबाट छनोट समितिले निर्णय गरेका व्यक्तिलाई पुरस्कार दिइन्छ । यो वर्ष सृजनात्मक गैरआख्यान 'शून्यको मूल्य'लाई दिने निर्णय गरिएको गुठीले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ ।


साहित्यिक पत्रकार उत्तम कुँवरको स्मृतिमा उनकी धर्मपत्नी शान्ति कुँवरले २०४४ सालमा स्थापना गरेको यो पुरस्कार उत्तम कुँवर जन्मजयन्ती (जेठ १२) मा प्रदान गरिने चलन छ । कुँवरले लेखेको साहित्यिक प्रोफाइलको गैरआख्यान कृति 'स्रष्टा र साहित्य'ले २०२३ सालमा मदन पुरस्कार पाएको थियो ।


# Flag Held by 12 Soldiers

The flag below is one which flew in the battle to take Kachil Peak near Height 1211 in the eastern sector of the front during the Korean war (1950-1953). Riddled with over 270 holes made by bullets and splinters of bombs and shells, it was carried by one soldier after another–12 in all–who took it over in succession, whenever one fell down, until it reached the top of the height.

The blood-stained flag, a symbol of the matchless self-sacrificing spirit and heroism of the brave fighters of the Korean People's Army, is preserved in the Victorious Fatherland Liberation War Museum in Pyongyang, capital city of the Democratic People's Republic of Korea.








The first-stage separation of *Hwasongpho-18*


New-type ICBM *Hwasongpho-18* soars into the sky demonstrating the practical power of the DPRK's strategic forces.





Demonstration of the Power of the Nation's Strategic Forces

The Democratic People's Republic of Korea conducted another test-fire of the new-type ICBM *Hwasongpho-18* on July 12.


The test-fire was aimed at re-confirming the technical creditability and operational reliability of the new weapon system.In consideration of the security of the neighbouring countries and the safety of domestic in-flight multi-stage separation, the test-fire was conducted in the way of setting the first stage as a standard ballistic flight mode and the second and third stages as high-angle flight mode and of confirming the technical specifications of every component of the weapons system in the maximum range system.

The missile travelled up to a maximum altitude of 6 648.4km and flew a distance of 1 001.2km for 4 491 seconds before accurately landing on the preset area in the open waters off the East Sea of Korea.

The eventful success, which demonstrated the might of the DPRK that was fully equipped with the firm nuclear war deterrent for self-defence and the overwhelming offensive power, serves as another important stride in developing the strategic force of the country.

# DPRK Records Another Success

The confrontation attempts by the US and south Korea, which might bring a new chain of nuclear crises to the Korean peninsula and Northeast Asia, are approaching an intolerable critical point. On July 12, the Democratic People's Republic of Korea conducted a test-fire of a new-type ICBM *Hwasongpho-18*, demonstrating that there will be a continuation of alarming events on the road of its endeavour to build up its national defencecapabilities as long as the forces hostile to it increase their military threat and challenges.





## कालापानी...

पुऱ्याएको छ। दार्चुलाको १९८ किलोमिटर सिमाना भारत र १५ किलोमिटर चीनसँग जोडिएको छ। सीमापारि भारतको धार्चुला तहसिल अन्तर्गत पर्ने उत्तरी क्षेत्र घट्टेबगडदेखि नेपालको कालापानीसम्म भारतीय सुरक्षाकर्मीका १८ वटा युनिट तैनाथ छन्। कालापानी क्षेत्रबाट नजिकको नेपाली बस्ती करिब १० किलोमिटर दूरीमा रहेको धाङ्रुमा भर्खरै सशस्त्र प्रहरीको युनिट तैनाथ गरिएको छ। तर यो सरकारले गरेको नयाँ काम होइन।

भारतका प्रथम प्रधानमन्त्री नेहरूले भूमिका लेखिदिएको भारतीय स्वामी प्रणावनन्द महाराजको संस्करणात्मक पुस्तक ्रुमा भर्खरै सशस्त्र प्रहरीको युनिट तैनाथ गरिएको छ। तर यो सरकारले गरेको नयाँ काम होइन। भारतका प्रथम प्रधानमन्त्री नेहरूले भूमिका लेखिदिएको भारतीय स्वामी प्रणावनन्द महाराजको संस्करणात्मक पुस्तक 'हिन्दी अफ कैलाश मानसरोवर' मा सन् १९३० र '४० को दशककै छाङरुमा नेपाली सुरक्षाकर्मी देखेको लेखेका छन्। उनी पटक पटक छाङरु हुँदै टिंकर भन्ज्याङ नाघेर तिब्बत पुगेका थिए र फर्किंदा लिपुलेकबाट कालापानी हुँदै झरेका थिए। १९५० को दशकमा भारतले महाकालीवारिको त्यही कालापानी क्षेत्र अतिक्रमण गरेर इन्डो टिबोटियन बोर्डर पुलिस अर्धसैन्य बल तैनाथ गरेको छ। अहिले भारतीय सेनाको बोर्डर रोड अर्गनाइजेसन -बीआरओ) ले कैलाश मानसरोवर जाने दार्चुलाको त्यही पुरानो रुटलाई मोटरमार्गमा परिणत गरेको छ।

सन् १९५० मा तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भारतलाई नेपालको उत्तरी सिमानामा १७ वटा सैन्य पोस्ट राख्न अनुमति दिएका थिए। २०२६ सालमा प्रधानमन्त्री किर्तिनिधि बिष्टको पालामा नेपालले भारतीय चेकपोस्ट हटाउनुपर्ने अडान राख्यो। त्यसपछि भारतले १७ मध्ये १६ वटा चेकपोस्ट हटायो। तर दार्चुलाको टिंकरमा राखिएको चेकपोस्ट भने कालापानीमा सार्दै सैन्य उपस्थिति कायम गर्दै आएको छ।

सन् १९६२ मा भारत र चीनबीच युद्ध हुँदा भारतीय फौज गुन्जीदेखि कालापानी हुँदै नाबीसम्म जान्थे। पछि त्यही क्याम्प खडा गरेर बसे। भारत र चीनले सन् १९५४ मा भारतीय तीर्थयात्री लिपुलेक हुँदै मानसरोवर प्रवेश गर्नेबारे समझदारी गर्दा नेपाल प्रतिक्रियाविहीन बसेकैले लिपेकमा कब्जा जमाउन भारतले पछिल्लो समय चीनको साथ लिएको बुझ्न सकिन्छ। सन् १९९९ मा भारतीय विदेशमन्त्री जसवन्त सिंहको चीन भ्रमण, सन् २००५ मा चिनियाँ प्रधानमन्त्री बेनजियाओको भारत भ्रमण, सन् २०१४ मा चिनियाँ राष्ट्रपति सि जिन पिङको भारत भ्रमणका क्रममा लिपुलेकमा व्यापारिक नाका खोल्नेबारे छलफल भएको थियो।

सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी चीन भ्रमणका बेला लिपुलेक भन्ज्याङलाई व्यापारिक मार्ग बनाउने भनी सम्झौता भएको थियो। नेपालको भूमिलाई नेपाललाई थाहै नदिई आफ्नो स्वार्थमा प्रयोग गर्ने चीन र भारतको निर्णयको नेपालले विरोध गरेको थियो। लिपुलेक सहमतिबारे चीनको आधिकारिक धारणा अहिलेसम्म प्रस्ट भएको छैन।

भारतले कालापानी अतिक्रमण गर्नुको मुख्य उद्देश्य त्यो सैन्य महत्वको इलाका भएकाले हो। कालापानी ब्यारेकबाट उत्तरतर्फ चिनियाँ सीमा भन्ज्याङतिर हुने गतिविधि नियाल्समेत सजिलो हुन्छ। भारतको राजधानी दिल्लीबाट सबभन्दा नजिकको सीमा नाका पनि यही हो। यहाँबाट तिब्बतमा चिनियाँ सैनिक के गर्दैछन् त्यो देख्न सकिन्छ भनिन्छ।१९६२ को युद्धमा चीनसँग पराजित भएदेखि नै कालापानी क्षेत्रमा भारतले आफ्नो सैन्य मजबुत बनाउँदै लगेको छ।

भारतले यो क्षेत्र नछोड्नुले यो ठाउँको उच्च सामरिक महत्व दर्शाउँछ। १२ महिनै बस्न सकिने हेलिप्याड सहितको स्थायी सैन्य संरचना रहेको कालापानीमा भारतको मुख्य स्वार्थ सैनिक मामिलासँग जोडिएको छ। कालापनीसँग सम्बन्धित दोस्रो मामिला धार्मिक विषय पनि जोडिन्छ। कैलाश जाने पुरानो रुट १९६२ को युद्ध पछि बन्द भएको थियो। १९९० को दशकदेखि भारत चीन सम्बन्धमा सुधार आयो यो रुष्ट पुन ब्युँतियो। अहिले यसलाई भारतले व्यवस्थित मोटर मार्गमा परिणत गर्न खोजिरहेको छ। धार्मिक पर्यटन विस्तार हिन्दुवादी मोदी सरकारको प्राथमिकतामा पर्ने नै भयो। उत्तर भारतबाट मानसरोवर जाने सबभन्दा छोटो रुट यही हो। यो रुट चल्तीमा आएपछि नेपालगन्ज हुम्ला काठमाडौं केरुङ भएर कैलाश जाने नेपाली रुट पनि प्रभावित हुनेछन्।

अर्को पक्ष पानीसँग जोडिएको छ। महाकाली नदीलाई आफ्नो नियन्त्रणमा लिने। महाकाली सन्धि गर्दा यसको मुहानबारे नखुलाइनुले भारत लिम्पियाधुरा कब्जा गरेर महाकालीको पानी दोहन गर्न खोजिरहेको छ। कालापानी क्षेत्र आर्थिक व्यापारिक र भूराजनीतिक स्वार्थसँग पनि गाँसिएको छ। चीन भारतसँग व्यापार विस्तार गर्न खोजिरहेको छ। चीनको यो चाहनालाई बुझेर भारतले आफूद्वारा अतिक्रमित भूभाग लिपुलेकलाई मान्यता दिलाउन अवसरका रुपमा लिइरहेको छ। लिपुलेकलाई द्विपक्षीय व्यापारिक मार्ग बनाउने सहमति यही पृष्ठभूमिमा आएको हो। लिपुलेकलाई भारतसँगको सीमा बिन्दु मान्ने प्रोटोकलमा चिनियाँ पक्षले हस्ताक्षर गरिसकेको अवस्था छ। नेपालले प्रधानमन्त्री स्तरबाटै कूटनीतिक वार्ता गरी कालापानी समस्या सुल्झाउन ढिलाइ गरिनु हुन्न।

## नयाँ...

प्रस्तावलाई बीपी कोइरालाले स्वीकार गरेका भए नेपालमा पञ्चायती निरंकुश शासन तीन दशक चल्ने नै थिएन। बीपी कहिल्यै पनि कम्युनिस्टहरूसँग सहकार्य गर्न चाहँदैनथे। बरु उनले आफ्नो घाँटी राजासँग जोडन चाहे। जनतासँग अन्य राजनीतिक दलहरूसँग होइन बीपीले दरबारसँग राष्ट्रिय मेलमिलापको नीति लिए। यदि २०४६ सालसम्म पनि बीपी जीवित हुन्थे त नेपालमा संयुक्त जनआन्दोलन हुने नै थिएन। कम्युनिस्टहरूसँग कार्यगत एकता गरिए भविष्यमा कांग्रेस कमजोर र कम्युनिस्टहरू बलशाली बन्ने सम्भवतः बीपीको विश्लेषण थियो।

पुष्पलालको औपचारिक शिक्षा त्यति धेरै थिएन। यद्यपि उनको अंग्रेजी भाषामा अब्बल दखल थियो। उनले कम्युनिस्ट घोषणापत्रको नेपाली अनुवाद गरेका थिए। कम्युनिस्ट घोषणापत्र अनुवाद गर्ने उनी पहिलो नेपाली अनुवादक पनि हुन्। पुष्पलाल नेपाली क्रान्तिको दिशा निर्देश गर्ने विचारक समेत हुन्। उनी नेपाली कम्युनिस्ट आन्दोलनका सिद्धान्तकार हुन्। नेपालमा नौलो जनवादको नारा दिने पहिलो कम्युनिस्ट नेता पनि उनै हुन्। एक भौतिकवादी चिन्तक, कम्युनिस्ट आन्दोलनका सिद्धान्तकार, नेपाली क्रान्तिलाई दिशा निर्देश गर्ने विचारक पुष्पलाल बहुआयामिक राजनीतिक व्यक्तित्व भएका कम्युनिस्ट राजनीतिज्ञ हुन्। पुष्पलालले राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र संघमा रहेर राणा विरोधी आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए। बीपीको समाजवादलाई चुनौती दिँदै उनले नयाँ जनवादको राजनीतिक कार्यदिशा अघि सारेका थिए। नौलो जनवादी क्रान्ति सम्पन्न गरेर मात्र समाजवादमा पुग्न सकिने उनको राजनीतिक विश्लेषण थियो। अहिले पनि सीपी मैनालीले नेतृत्व गरेको माले लगायत कतिपय कम्युनिस्ट पार्टीहरूले नौलो जनवादकै लाइन लिएर अघि बढिरहेका छन्। तर नौलो जनवादलाई अंगिकार नगर्ने नेकपा एमालेले समेत पुष्पलाललाई मार्गदर्शक नेताका रुपमा लिनु भने आश्चर्य नै छ।

पुष्पलाल, मनमोहन र मदन भण्डारीको फोटो सजाउने एमालेले पुष्पलाललाई पनि मदन भण्डारीकै विचारमा समाहित गरेको देखिन्छ। भण्डारीको बहुदलीय जनवादले पुष्पलालको नौलो जनवादसँग कुनै नाता राख्दैन। बरु बहुदलीय जनवादलाई कम्युनिस्ट आन्दोलनकै विसंगति भन्न सकिन्छ। एन्टिनियो ग्राम्सीद्वारा प्रतिपादित बहुदलीय जनवाद बोकेर एमालेले मार्क्सवादी लेनिनवादी पुच्छर झुण्ड्याइरहेको छ।

कम्युनिस्ट पार्टीको स्थापनापछि पुष्पलालले पार्टीको कार्यक्रम समेट स्पष्ट पारे। नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशिक रहेकाले नयाँ जनवादी क्रान्ति आवश्यक रहेको विश्लेषण गरे। सोही अनुसार नेकपाले सामन्तवाद, साम्राज्यवाद विरोधी नेपाली क्रान्तिको दिशालाई अंगिकार गरेको थियो। पुष्पलालले नेकपाको स्थापना गर्दैगर्दा समाजलाई हेर्ने वैज्ञानिक दृष्टिकोण बनिसकेको थिएन। समाजमा ईश्वरवादी धारणा व्याप्त थियो। कम्युनिस्ट पार्टीको निर्माण भएपछि नेपाली कम्युनिस्ट आन्दोलनमा ऐतिहासिक भौतिकवादी दृष्टिकोण आरम्भ भयो। संसार ईश्वरमा अडेको छ भन्ने पुरातन ईश्वरवादी मान्यता खण्डित हुन पुग्यो। पुष्पलालले ऐतिहासिक भौतिकवादी दृष्टिकोणमा विश्लेषण गर्ने काम गरे। उनले नेपाली समाजको गहिरो अध्ययन गर्दै समाजको स्वरुपलाई वैज्ञानिक तथ्यका आधारमा चिनाए। यति मात्र होइन पुष्पलालले नेपाली समाजको वर्ग विश्लेषण गरेर वैचारिक देन पनि दिए। नेपाली समाजमा रहेका वर्गहरूको भूमिका र तिनीहरूबीचको अन्तर्विरोध अध्ययन गर्दै पुष्पलालले समाजलाई हेर्ने द्वन्द्ववादी दृष्टिकोणको विकास गरे। पुष्पलालले गरेको नेपाली समाजको विश्लेषणलाई नै नेपालका कम्युनिस्ट घटकहरूले वर्गीय चरित्रको विश्लेषणको आधार मानिरहेका छन्।

नेपाली समाजको सामाजिक अन्तर्विरोधलाई पनि पुष्पलालले नै केलाएका हुन्। सामन्तवाद, दलाल, नोकरशाही पुँजीवाद र साम्राज्यवादसँग जनता र राष्ट्रका आधारभूत अन्तर्विरोधहरू रहेका र ती अन्तर्विरोधमध्येको आन्तरिक अन्तर्विरोध नै प्रधान रहेको निचोड पुष्पलालले निकालेका थिए। अन्तर्विरोध राजतन्त्र र जनताबीच रहेको र जनसंघर्षलाई राजतन्त्रविरुद्ध केन्द्रित गरिनुपर्ने धारणा प्रस्तुत गर्ने नेपालको पहिलो कम्युनिस्ट नेता पुष्पलाल नै हुन्। २००५ सालमा कम्युनिस्ट घोषणापत्र अनुवाद गर्दा पुष्पलालले त्यसको भूमिकामा जुन लेखेका छन् त्यो नै नेपाली समाजको पहिलो मार्क्सवादी विश्लेषण मान्न सकिन्छ। सो लेखमा उनले वर्गीय द्वन्द्व, सामाजिक असमानता, शोषण उत्पीडन वर्गीय मुक्तिको सन्दर्भमा समेत प्रस्ट विश्लेषण गरेका छन्।

पुष्पलालले नै निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध कम्युनिस्ट र कांग्रेस मिलेर संयुक्त आन्दोलनमा जानुपर्ने प्रस्ताव अघि सारे। तर कांग्रेसले त्यसलाई अस्वीकार गर्दा पञ्चायत लामो समय टिक्यो। पुष्पलाल दिवंगत भएको एकदशकपछि कांग्रेस र वाममोर्चाले संयुक्त जनआन्दोलनको आँधीबेहरी ल्याए। पंचायत ढल्यो निरंकुश राजा संविधानभित्र बाँधिए। यस्ता सैद्धान्तिक विचारक पुष्पलाललाई २००८ सालमा पहिलो सम्मेलनबाटै महासचिवबाट हटाइयो र मनमोहन अधिकारी महासचिव भएका थिए। २०१० को पहिलो महाधिवेशनबाट त पुष्पलाललाई भित्तामै पुऱ्याइयो। पुष्पलालले वामपन्थी एकतामा भने जोड दिएको पाइँदैन। जे होस् पुष्पलाललाई 'गद्दार' भन्नेहरूले पनि उनको देनलाई स्वीकारेका छन्। पुष्पलाल कम्युनिस्ट आन्दोलनका एक युगपुरुष नै हुन्।

## अब...

पहुँच पुऱ्याउन सकेन। सुन तस्करीको चर्चा हुँदा वामदेव गौतम समेत सधैं चर्चामा आउने गरेका छन्। उनी गृहमन्त्री भएको बेला एयरपोर्टबाट सेटिङमा सुन तस्करी भएको घटना उनले अस्वीकार गरे पनि जानकारहरू मान्न तयार छैनन्। कांग्रेस नेता स्व.खुमबहादुर खड्का, गोविन्दराज जोशीले गृह प्रशासन सम्हालेको बेला पनि एयरपोर्ट सुन तस्करहरूको लागि स्वर्गभूमि थियो। लोकमान सिंह कार्की भन्सार विभागको प्रमुख भएको बेला पनि एउटा ठूलै सुनकाण्ड भएको थियो। एयरपोर्टमा बरामद गरेको बेवारिसे सुनलाई चाँदी बनाएर भ्रष्टाचार गरेको काण्डमा लोकमानले अख्तियारको मुद्दा झेल्नु पऱ्यो। पछि तिनै लोकमानलाई अख्तियार प्रमुख बनाएर पुरस्कृत गरियो।

अहिलेको सुन काण्डको लहरोले राजनीतिक वृत्त पनि हल्लाएको छ। केही समयअघि चुरोटको डिब्बामा सुन तस्करी गर्ने गिरोहको नाम कृष्णबहादुर महराका बाबुछोरासँग गाँसिएको छ। सडकदेखि संसदसम्म हँगामा मच्चिएको कुइँटल बढी सुन तस्करका प्रमुख नाइकेसम्म गृह प्रशासनले पहुँच पुऱ्याउनुपर्छ। अनि मात्र गृहमन्त्रीको भनाइ र गराइको तालमेल मिल्नेछ।

## बढ्यो...

अहिले व्यावसायिक उत्पादन भएर विदेश गइरहेको छ। नेपालमा कुकुरको आहारका लागि छुर्पी कमै प्रयोग हुन्छ। तर विदेशमा कुकुरकै आहाराका लागि यसको उपयोग हुन्छ। मान्छेले विभिन्न खाद्य पदार्थबाट भिटामिन र सप्लिमेन्ट पाएजस्तै कुकुरले छुर्पीबाट पाउने पोषणविदरहरू बताउँछन्।

नेपालबाट १४ वर्षदेखि कुकुरको खाना शीर्षकअन्तर्गत छुर्पी निर्यात भइरहेको छ। लेटिभ नेपाली एग्रोले वर्षमा ८५ हजारदेखि १ लाख किलोसम्म छुर्पी निर्यात गरिरहेको छ। विदेशमा प्रतिकिलो दुई हजारसम्म बिक्री हुने गरेको बताइन्छ। चौरी गाई र स्थानीय गाईको दूधबाट छुर्पी बनाइन्छ। २५ लिटर दूधबाट १ किलो छुर्पी र एक किलो बटर बन्ने गर्छ। पछिल्लो समय दूधको मूल्य बढेसँगै छुर्पीको लागत पनि बढेको छ। अमेरिकामा पनि छुर्पी बन्न थालेकाले नेपाली छुर्पीले प्रतिस्पर्धा गर्नु परिरहेको छ। प्राकृतिक उत्पादन भएकाले अमेरिका, जापान र युएईमा नेपाली छुर्पीको माग बढेको छ।

## व्यापार...

बराबरको वस्तु आयात भएको थियो। गत २०७९ को साउन देखि २०८० को असारसम्ममा मुलुकले कुल १ खर्ब ५७ अर्ब १४ करोड रुपैयाँ बराबरको मात्र वस्तु निर्यात गरेको छ।

अघिल्लो आर्थिक वर्षमा १९ खर्ब २० अर्वको आयात र २ खर्बको निर्यात गरेको थियो। अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्ष मुलुकको आयात १६.०८ प्रतिशतले र निर्यात २१.४४ प्रतिशतले घटेको तथ्यांक रहेको छ।

सरकारले सुन, गाडी, महँगा मोबाइल जस्ता विलासिताको सामग्री र कुरकुरेजस्ता प्याकेजिङ्ग वस्तुको आयातमा प्रतिवन्ध लगाएपछि आयात घटेको हो। आयातमा गरेको प्रतिवन्धका कारण व्यापार घाटा दुई खर्ब ६५ अर्ब रूपैयाँले कमी आएको देखिएको छ।

उद्योगधन्दा कलकारखानाले मेसिनरी सामान ल्याउनेदेखि अन्य वस्तुको समेत आयात बढ्दा गत आर्थिक वर्ष अहिलेसम्मकै सबैभन्दा उच्च आयात भएको थियो।

नेपाल राष्ट्र बैंकले समेत विलासिता वस्तुको सूची निकालेर एलसी खोल्दा शतप्रतिशत मार्जिन राख्नुपर्ने व्यवस्था गरेपछि आयात पुससम्म हुन सकेको थिएन। यसले गर्दा राजश्व संलकन प्रभावित भएको थियो।

नेपालको कुल व्यापारमा आयातको हिस्सा ९१ दशमलव १२ प्रतिशत र निर्यातको हिस्सा ८ दशमलव ८८ प्रतिशत रेको छ। अघिल्लो आवमा आयातको हिस्सा ९० प्रतिशत मात्र थियो।

व्यापार घाटामा विगतमा झै अहिले पनि प्रमुख कारक तत्वमा पेट्रोलियम पदार्थ रहेको छ। गत आर्थिक वर्षमा ३ खर्ब ५२ अर्ब ७१ करोड रुपैयाँको पेट्रोलियम पदार्थ नेपालले आयात गरेको छ। अघिल्लो आवमाा पेट्रोलियम पदार्थको आयातमा ३ खर्ब ८३ अर्ब रुपैयाँ विदेशिएको थियो। विद्युतीय सामान र उपकरणको आयात १ खर्ब रुपैयाँ बराबरको भएको छ। विभिन्न मेसिन र त्यसको पार्टपूर्जा आयातमा समेत १ खर्ब विदेशिएको छ। ३१ अर्ब रुपैयाँ बराबरको तरकारीजन्य वस्तु आयात भएको छ। आइरन र स्टीलको आयातमा १ खर्ब ४० अर्ब रुपैयाँ विदेशिएको छ। यसैंगरी एक वर्षमा ३७ लाख ९१ हजार हेडफोन र दुई लाख ८६ हजार स्मार्टवाच भित्रिएका छन।

भन्सार विभागले सोमबार सार्वजनिक गरेको तथ्यांक अनुसार गत आर्थिक वर्षमा एक खर्ब ५३ अर्ब ७६ करोड ९९ लाख रुपैयाँको डिजेल मात्र भित्रिएको छ। त्यसपछि वढी भित्रिएका पदार्थहरूमा पेट्रोल, खाना पकाउने एपी ग्यास, फलामजन्य कच्चापदार्थ, सोयाबिन तेल, कोइलाजन्य सामग्री परेका छन्।

कच्चा पाम तेल, स्मार्ट फोन, औषधिजन्य सामाग्री पनि बढी आयात हुने सूचीमा रहेका छन्। २२ अर्ब ९४ करोड ६० लाख रुपैयाँको युरिया मल आयात भएको छ।

विभागका अनुसार ६६ अर्ब ८४ करोडको रुपैयाँको पेट्रोल, ५८ अर्ब १५ करोड रुपैयाँको खाना पकाउने ग्याँस आयात भएको छ। गत वर्ष ४३ अर्ब ८९ करोड रुपैयाँको सुन मात्र भन्सार तिरेर भित्रिएको छ।

३५ अर्ब ५८ करोड रुपैयाँको भटमासको तेल भित्रिएको तथ्यांक रहेको छ। यसैंगरी २७ अर्ब १२ करोड रुपैयाँको कोइला आयात भएको छ।

भन्सार विभागका अनुसार नेपालले यस अवधिमा ४ लाख ९२ हजार ३३५ स्क्वायर मिटर कार्पेट बिक्रीबाट ११ अर्ब ५० करोड रुपैयाँ आर्जन गरेको छ। रिफाइन्ड गरिएको पाम तेलको निर्याटबाट १० अर्ब ७१ करोड रुपैयाँ भित्रिएको छ।

नेपालले ८ अर्ब ४७ करोड रुपैयाँको भटमासको तेल निर्यात गरेको तथ्यांक रहेको छ। यसैंगरी ८ अर्ब २७ करोडको अलैंची नेपालले निर्यात गरेको छ। त्यस्तै ६ अर्ब ५६ करोड पाम तेल निर्यात गरेको छ।

आयात निर्यातको आधारमा नेपालको व्यापार घाटा विगतमा झैं भारतसँग रहेको छ। भारतसँगको व्यापार घाटा ९ खर्ब २१ अर्ब १६ करोडको रहेको छ। यसैंगरी चीनसँग २ खर्ब २० अर्ब ९५ करोडको व्यापार घाटा रहेको छ। त्यसपछि इन्डोनेसियासँग ४१ करोडको, युएइसँग ३१ करोडको र अर्जेन्टिनासँग २४ करोडको व्यापार घाटा रहेको छ। व्यापार घाटा भएका अन्य मुलुकहरूमा क्रमशः मलेसिया, युक्रेन, अस्ट्रेलिया, कतार, थाइल्यान्ड, ओमान र साउदी अरेविया रहेका छन्।

सवैभन्दा वढी व्यापार फाइदा भएको मुलुकमा डेनमार्क रहेको छ। डेनमार्कसँग ५ अर्ब करोड १२ करोडको व्यापार फाइदा छ भने अमेरिकासँग १४ करोडको व्यापार फाइदा रहेको छ। त्यसैंगरी अल्जेरिया, कम्बोडिया, नाइजेर, उरुग्वेसँग पनि व्यापार फाइदा रहेको छ।

## किन...

वर्षदेखि जम्मा भएको भने प्रस्ट पारेको छ। राष्ट्र बैंकले गिरीको निवेदनअनुसार कृषि अनुदानमा परिणत गरिदिन प्रक्रिया पूरा गरेको थियो। तर सम्पत्ति शुद्धिकरण मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय संस्था फाइनन्सियल एक्सन टास्क फोर्स (एफएटिएफ) ले चासो दिएपछि सम्पत्ति शुद्धिकरणले गिरीलाई त्यत्रो रकम चलाउन विभिन्न व्यक्तिको विवरण र आयस्रोत खोल्नु भनेपछि गिरीको ५ करोड बराबरको नेपाली रुपैयाँ फिर्ता जाने जस्तै भएको छ। सम्पत्ति शुद्धीकरणले पटक पटक रकमको वैधता र आयस्रोत व्यक्तिको विवरण मागे पनि गिरीले स्रोत खोल्न नसकेको बुझिएको छ। गिरीले मासिक ८० हजार तलब र वार्षिक ३० लाखभन्दा बढीको कारोबार देखाउन सकेका छैनन्।

गिरी भारतसँगै विशेष सम्बन्ध भएका व्यक्ति हुन्। नेपालको राजनीतिमा र कर्मचारी वर्गमा यिनको अर्थपूर्ण महत्व छ। भारतीय दुतावासको सहयोगमा राष्ट्रपतिमार्फत अख्तियार प्रमुख प्रेमकुमार राईलाई भुटानी शरणार्थी प्रकरणमा जोगाएका थिए। तर कर्मचारी प्रहरीबाट काम गरिदिए बापत पैसा भने नलिने गरेको स्रोत बताउँछ। बिचौलिया र दलाली काम भने गर्दैनन्। तर यिनले विदेशी डलरलाई अनुदानको रुपमा वैधानिक बनाई प्रयोग गरेको पाइन्छ।

## डेंगु...

रोकथामका लागि पूर्वसतर्कता अपनाएको भने पाइँदैन। गत वर्ष जुलाई महिनापछि डेंगुबाट संक्रमित हुनेको संख्या ह्वात्तै बढेको थियो। अहिले पनि सतर्कता नअपनाए डेंगु बढ्नसक्ने चिकित्सकहरूको भनाइ छ।

हालसम्म सबैभन्दा बढी कोसी प्रदेशमा डेंगु संक्रमित हुनेको संख्या धेरै देखिएको छ। कोसी प्रदेशमा मात्रै हालसम्म २ हजार ४ सय ५७ जना संक्रमित भएका छन्। त्यस्तै, दोस्रोमा बाग्मती प्रदेशमा ६ सय ६७ जना संक्रमित भएका छन् भने गण्डकी प्रदेशमा ३ सय ४४ जना र सुदूरपश्चिम प्रदेशमा ३ सय १६ जना संक्रमित भएको रिपोर्ट सार्वजनिक भएको छ। त्यस्तै, मधेश प्रदेशमा २२ जना र कर्णाली प्रदेशमा संक्रमितको संख्या २० जना रहेका छन्।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको गत सोमबारसम्मको तथ्यांकनुसार हालसम्म १० जिल्लालाई डेंगु उच्च संक्रमित भएको सूचीमा राखिएको छ। जसमा सबैभन्दा बढी सुनसरीमा हालसम्म २ हजार ५ सय ४२ जना डेंगुबाट धेरै संक्रमण हुनेमा पर्छन्। त्यस्तै, धादिङमा ४ सय १, कास्कीमा २ सय ५, दार्चुलामा १ सय ९०, काठमाडौंमा ८०, संखुवासभामा ६४, म्याग्दीमा ५४, कञ्चनपुरमा ५२, रूपन्देहीमा ४५ र मोरङमा ३८ जना डेंगु संक्रमित भइसकेका छन्।

डेंगुको संक्रमण फैलिएपछि ६९ जिल्लाका सबै स्थानीय तहमा उच्च सतर्कता अपनाइएको महाशाखाले जनाएको छ। चिकित्सकका अनुसार हल्कादेखि उच्च ज्वरो आउने, मांशपेशीहरू अत्यधिक दुख्ने, टाउको दुख्ने, आँखा वा आँखाका गेडी दुख्ने, वान्ता हुने थकान र बेचैनी हुने एवं जोर्नीहरू दुख्ने यस संक्रमणका मुख्य लक्षण हुन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालालयले यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्था जान आग्रह गरेको छ।

## चामल...

कार्यक्रममा भने, 'यस्ता प्रतिबन्धले बाँकी विश्वमा खाद्यान्नको मूल्यमा उतारचढाव बढाउने र प्रतिशोधात्मक कदम चाल्ने सम्भावना रहन्छ, जुन विश्वव्यापी रूपमा हानिकारक हुन सक्छ।' आईएमएफले यस वर्ष भारतको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ६.१ प्रतिशत हुने प्रक्षेपण गरेको छ।

## गौरीका...

कीर्तिमान रचिन्। गौरिकाले यस इभेन्टमा सन् २०१६ मा भारतको गुवाहाटीमा सम्पन्न १२ औं सागमा ३१.८७ सेकेन्डको राष्ट्रिय कीर्तिमान स्थापित गरेकी थिइन्।

१३ औं सागकी चार स्वर्ण विजेता गौरिकाले यसै च्याम्पियनसिपको १०० मिटर ब्याकस्ट्रोकमा पनि कीर्तिमान स्थापित गरेकी थिइन्। ओलम्पिक छनोट प्रतियोगितासमेत रहेको च्याम्पियनसिपको पुरुषतर्फ १०० मिटर फ्रिस्टायलमा एलेक्जेन्डर शाहले पनि आफ्नो टाइमिङमा सुधार गरेका छन्। एलेक्सले ५२.९६ सेकेन्डको टाइमिङमा सामान्य सुधार गर्दै ५२.९४ सेकेन्डको नयाँ कीर्तिमान बनाए। एलेक्सले पुरानो कीर्तिमान काठमाडौंमा हालै सम्पन्न ११ औं एनएसए कप च्याम्पियनसिपमा राखेका थिए।

## मोदीविरुद्ध...

भारतीय संसद्को नियमअनुसार अविश्वास प्रस्तावमा कारबाही सुरु गर्न सभामुखको अनुमति अनिवार्य हुन्छ। यदि सभामुखलाई प्रस्तावमा कुनै त्रुटि छ भन्ने लागेमा उनले संसद् मा रहेका सदस्यलाई प्रस्तावको समर्थनबारे धारणा लिन सक्नेछन्। कम्तीमा ५० सांसदले समर्थन दिएमा सभामुखले प्रस्ताव स्विकारेर कारबाही प्रक्रिया अघि बढाउनुपर्नेछ। त्यसपछि प्रस्तावमा चर्चाका लागि समय तय हुनेछ भने त्यसपछि मतदान गरिनेछ। प्रस्तावमा बहुमत आएर प्रधानमन्त्रीले राजीनामा दिनुपर्नेछ।

लोकसभामा हाल कंग्रेस एक्लैको ५० सिट छ। कंग्रेसले चाहेमा प्रस्तावले सभामुखको स्वीकृति प्राप्त गर्न सक्नेछ। सोही कारण कंग्रेसले लोकसभामा उपस्थितिका लागि आफ्ना सांसदलाई ह्वीप पनि जारी गरिसकेको छ। बीआरएससँग लोकसभामा ९ सांसद छन्। यसबाहेक अन्य विपक्षी पार्टीले पनि प्रस्तावमा समर्थन गर्ने अपेक्षा गरिएको छ। हालै मात्र कंग्रेसलगायत २६ दलहरू मिलेर 'इन्डिया' नामको विपक्षी गठबन्धन पनि बनेको थियो। उक्त गठबन्धनसँग करिब १५० सिट छ।

तर, अविश्वास प्रस्ताव पारितका लागि उक्त संख्या पर्याप्त हुँदैन। विपक्षी नेताहरूले पनि यो प्रस्ताव पारितका लागि नभई मणिपुर प्रकरणमा प्रधानमन्त्री नरेन्द्र मोदीको मौनता तोड्नका लागि ल्याइएको बताएका छन्। भारतको मणिपुर राज्यमा गत मे ३ देखि जातीय हिंसा जारी छ। राज्यका दुई जाति मैतेई र कुकी समुदायबीच जनजाति अनुसूचीकरणको विषयमा हिंसा चर्किएको हो। बहुसंख्यक मैतेईलाई पनि जनजातिमा सूचीकृत गर्नका लागि अदालतले राज्य र केन्द्र सरकारलाई निर्देशन दिएपछि हिंसा सुरु भएको थियो। हालै मात्र मणिपुरमा अल्पसंख्यक कुकी समुदायका दुई महिलालाई मैतेई समुदायका व्यक्तिहरूले निःवस्त्र घुमाएको भिडियो सार्वजनिक भएको थियो।

## किर्ते...

जरुरी सूचना प्रकाशित भएको थियो। तर सूचना इपिएस शाखाले भने गरेको होइन। साउन ८ गते प्रकाशित उक्त सूचना गलत भएको भन्दै इपिएस बाखाले विषयवस्तुलाई अतिरञ्जित गर्दै भ्रम छर्ने, सरकारी लेटरप्याड किर्ते लगायतका गैरकानुनी काम भएको भन्दै विद्युतीय कारोबार ऐन र नियमावली अनुसार साइबर अपराध भएका कारण कारबाही हुने जनाएको छ। सरकारी लेटरप्याड किर्ते लगायतका अपराधमा हदैसम्मको कैद र जरिवानाको माग गर्दै नेपाल प्रहरीको साइबर ब्युरोमा जाहेरी दिएको शाखाले जनाएको छ। दक्षिण कोरिया नेपाली कामदारको आकर्षकमध्येको प्रमुख गन्तव्य हो। नेपाल र दक्षिण कोरियाबीच सन् २००८ मा भएको द्विपक्षीय सम्झौताअनुसार रोजगार अनुमति प्रणालीबाट हालसम्म ९०।९० हजार नेपाली कोरिया गएका छन्। कोरियामा आगामी वर्ष सन् २०२४ का लागि कामदारको तलबवृद्धिको निर्णय समेत भएको छ।

## विशाल...

प्रवेश गर्नेहरूमा रञ्जु राई, नरकुमारी कार्की, सीता गौतम, आनन्द सिंह बानिया, तिलक बोहरा, वन्दना श्रेष्ठ र विनिता पाठक छन्। त्यसै गरी बैठकले विगतका सम्पन्न भएका कार्यहरू जस्तो विभिन्न देशका राजदुतहरूलाई विशाल नेपाल सम्बन्धमा ज्ञापनपत्र दिने तथा विभिन्न विद्यालय तथा संघसंस्थाहरूमा गई विशाल नेपालका नक्सा झुण्ड्याउने कार्यको सकारात्मक समिक्षा गऱ्यो। बैठकले अभियानको आगामी कार्यक्रम विशाल नेपालको नक्सासहितको स्टिकर ललितपुर लगनखेल बसपार्कमा आउने जाने सबै बसहरूमा टाँस्ने निर्णय गऱ्यो र सो कार्यको संयोजन तथा काठमाडौं छिर्ने सबै नाकाहरू नागढुंगा, ककनी साँगा र फर्पिङमा 'काठमाण्डौंमा तपाईंहरूलाई स्वागत छ' भन्ने नारासहितको विशाल नेपालको नक्सा अंकित होर्डिङ बोर्ड राख्ने जिम्मेवारी अभियन्ता रामशरण पाण्डेलाई दिने निर्णय गऱ्यो।

त्यसैगरी गोकर्णेश्वर नगरपालिकाको विभिन्न वडाहरूमा विशाल नेपालको नक्सा झुण्ड्याउन लगाउने कार्यको जिम्मा नरकुमारी कार्की र गोलढुंगा र धर्मस्थली एरियामा त्यस्तो कार्य गर्ने जिम्मा बैठकले आनन्द सिंह बानियालाई दियो। यसअघि विशाल नेपाल महाअभियानका २४ जना अभियन्ताहरूले कोटेश्वर भएर चारै दिशातर्फ लाग्ने बस, माइक्रोबस, अन्य गाडी तथा टेम्पोहरूमा विशाल नेपालको नारासहितको १ हजार स्टिकर टाँसेका थिए।